# परिच्छेद : एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरु पूरा गर्न शिक्षण प्रक्रियालाई रोचक, सहज, सरल र प्रभावकारी वनाउन सिकाइलाई उद्देश्यमूलक वनाउन कक्षा कोठामा प्रयोगमा आउने सम्पूर्ण साधन वा सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षकले मौखिक जानकारी दिएर मात्र शिक्षण कार्य पूरा हुदैन । शिक्षणलाई सवल तुल्याउन शैक्षिक सामग्रीको प्रयोग अनिवार्य तथा महत्वपूर्ण मानिन्छ । परम्परागत शिक्षणमा पाठ्पुस्तकलाई मात्र शिक्षण गर्ने माध्यम वनाइन्थ्यो त्यसैले शिक्षण अप्रभावकारी अस्थायी तथा विद्यार्थीको सक्रियता कम रहन्थ्यो । थोरै परिश्रमवाट धेरै सिकाउन विद्यार्थीको ध्यान पढाइप्रति केन्द्रित गराउन, सिकेको कुरा चीरस्थायी वनाउन अनि विद्यार्थीमा सुषुप्त अवस्थामा रहेको जिज्ञासा जागृत गराउन पनि शिक्षण सामग्रीको प्रयोग आवश्यक हुन्छ । शैक्षिक सामग्रीलाई विभिन्न शिक्षा विद् तथा विद्धानहरुले यसरी परिभाषा गरेका छन् :

"कक्षामा अध्यापन गर्दा विद्यार्थीहरुलाई सजिलो किसिमवाट वुझ्ने गरी सिकाउन हामी जे जे प्रयोग गर्छौं ती सवैलाई शैक्षिक सामग्री भनिन्छ ।" (रेडियो शिक्षण तालिम पुस्तिका, २०४८)

"पाठ्यपुस्तकमा दिइएका पाठका अतिरिक्त ती पाठलाई स्पष्ट गर्न, त्यसरी स्पष्ट गर्दा चाहिने उपयुक्त वातावरण बनाउन र सिकाइलाई स्थायी रुप दिन उपयोगी हुने सामग्री नै शैक्षिक सामग्री हुन्।" (प्राथमिक शिक्षक तालिम पुस्तिका, २०५५:१८४ )

"सिकाइलाई व्यवहारिक र उद्देश्यमूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ ।" (शर्मा एण्ड शर्मा २०६६:१२९)

"विभिन्न सीप तथा पक्ष एवम् विविध पाठ्यवस्तुहरुको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा सहायक सामग्रीका रुपमा प्रयोग गर्ने जुनसुकै सामग्रीलाई शिक्षण सामग्री भन्न सकिन्छ ।" (शर्मा एण्ड पौडेल २०६०: २०३)

उपयुक्त परिभाषाहरुवाट विद्यार्थीहरुलाई सक्षम वनाउन स्तरअनुसारको ज्ञान वढाउन, क्षमता बढाउन, सजिलो किसिम वाट बुझ्ने गरी सिकाउन, पाठलाई स्पष्ट पार्न र

सिकाइलाई स्थायी रुप दिन उपयोगी हुने सामग्रीहरु नै शैक्षिक सामग्री हुन भनेर बुझ्नु पर्ने हुन्छ ।

विषयवस्तुले सिकारुहरुलाई विभिन्न प्रकारका ज्ञान, सीप र धारणा प्रदान गर्दछ । विषयवस्तुहरुमा भएका यस्ता विविध ज्ञान र सीपलाई सजिलो, स्पष्टसँग विद्यार्थी समक्ष पुऱ्याउन सहयोग गर्ने साधनहरुलाई शैक्षिक सामग्री भनिन्छ । अर्थात सिकाइलाई व्यवहारिक र उद्देश्यमूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षा प्राचीन कालदेखि चल्दै आएको र मानव विकासको एक प्रभावकारी माध्यम हो । पहिले पहिले शिक्षालाई मौखिक संचारका रुपमा मात्र लिइन्थ्यो । त्यसवेला शिक्षणमा प्रयोग गरिने पाठ्यवस्तु वा लेखन वस्तुलाई नै शैक्षिक सामग्री भनिन्थ्यो ।

समाजको विकासक्रम बढ्दै गयो र शिक्षण कार्यमा जटिलता पनि थपिदै गयो । विज्ञान र प्रविधिको विकासक्रम सगँसगैं शैक्षिक सामग्रीहरु पनि श्रव्य साममग्रीहरु रेडियो, टेपरेकर्ड, ग्रामोफोन, दुश्य सामग्रीहरु वास्तविक वस्तु, नमुनाहरु, चित्र, मानचित्र, रेखाचित्र, ग्राफ, चार्ट, वुलेटिनवोर्ड र श्रव्य-दुश्य सामग्रीहरु, नाटक, सिनेमा, टि.भी., भिडियो, टेप आदि विकसित हुदै गए । आजको आधुनिक विश्वमा शिक्षण प्रविधिहरुको माध्यमबाट मात्र प्रभावकारी शिक्षण गर्न सकिने विश्वास वढेको छ ।

शैक्षिक सामग्रीको प्रयोग र यस प्रतिको सकारात्मक धारणाको विकास भर्खर मात्र भएको होइन । विद्धान डेसिडेरियस इरास्मसले सिकाइको सम्झने माध्यमलाई नकार्दै तस्वीर र अन्य दृश्यहरुको माध्यमहरुवाट सिकाइनु पर्ने वकालत गरेका थिए । त्यस्तै कमेनिसयसले तस्वीर भएको पुस्तक नै तयार गरी सिकाइलाई प्रभावकारी रुपमा अघि बढाएका थिए । रुसोले तस्वीर र खेल्ने वस्तुहरु शिक्षण कार्यमा आवश्यक ठाने । यसै सिद्धान्तलाई स्वीकार्दै पेस्तालोजीले "Object method" बाट "Sense perpception" को माध्यमबाट सिकाइ प्रभावकारी हुने वताए । शिक्षण सिकाइ भनेको सूचनाहरु प्रवाह गर्नु वा हस्तान्तरण गर्नु भन्ने अर्थ बुझिन्छ । यसरी सूचनाहरुको प्रवाह गर्दा सुन्न सकिने, देख्न सकिने र गर्न सकिने गरी गरिनु पर्दछ । अतः शिक्षण सिकाइ शैक्षिक सामग्रीको प्रयोगवाट गरिदा प्रभावकारी शिक्षण हुने कुरामा कसैको विवाद हुदैन (शर्मा एण्ड शर्मा, २०६२)

हाम्रो देशको विद्यालयको कक्षा शिक्षणमा प्रयोग गर्ने शिक्षण विधि र शैक्षिक सामग्रीको शुरुवात वि.सं. २०११ सालमा गठित राष्ट्रिय शिक्षा योजना आयोगमा भएको पाइन्छ । २०११ सालदेखिनै शैक्षिक सामग्रीको प्रयोगको कुरा उठे पनि वि.सं. २०२४

सालमा मात्र जनक शिक्षा सामग्री केन्द्रको विधिवत रुपमा स्थापना भएपछि वि.सं. २०२८ सालमा गठन भएको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले देश भरी नयाँ शिक्षा योजना लागु गरेपछि मात्र विद्यालय तहमा संचालित पठनपाठन अर्न्तगत नँया -नयाँ शिक्षण विधि र शैक्षिक सामग्रीको विशेष महत्व रहेको महशुस गरियो । यसै आवश्यकतालाई मध्यनजर गर्दै विद्यालयलाई आवश्यक पाठ्यपुस्तक र शैक्षिक सामग्री लगाएत सर्न्दभ सामग्री लेखाइ छपाइ गर्ने जनक शिक्षा सामग्रीलाई दियो । हाल आएर जनक शिक्षा सामग्री केन्द्रका साथै पाठ्यक्रम विकास केन्द्रले पनि पठ्यपुस्तक, शिक्षण सिकाइका लागि आवश्यक शैक्षिक सामग्री र सर्न्दभ सामग्रीको निमार्ण गर्दै आएको छ । शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ कार्यलाई उद्देयमूलक र व्यवहारिक बनाउने शिक्षक स्वयमलाई पनि आवश्यकता अनुसार शिक्षण सामग्रीको निर्माण, सङ्कलन एवम् प्रयोग गर्न सहज र सरल पर्ने हेतुले शैक्षिक जनशक्ति विकास केन्द्रले वेला-वेलामा तालिम दिदै आएको पाइन्छ ।

पाठ्यक्रमले राखेका उद्देश्य पूरा  गर्नका लागि पाठुयपुस्तक  मात्र पर्याप्त  हुदैन । पाठुयपुस्तक त  केवल एउटा माध्यम मात्र हो । त्यसैले पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न र बालबालिकाका अन्तरनिहित क्षमताको प्रस्फुटन गर्न पाठ्यपुस्तक बाहेक अन्य विभिन्न प्रकारका शैक्षिक सामग्रीको प्रयोग गर्नु जरुरी छ । सफल शिक्षणको लागि प्रत्येक शिक्षकमा बिषयवस्तुको उच्च ज्ञान, शिक्षण कौशल, बालमनोविज्ञानको ज्ञान, वर्तमान शिक्षण पद्धतिको ज्ञान, उत्तरदायित्वको बोध, शिक्षण विधि र शैक्षिक  सामाग्रीको सङ्कलन निर्माण, प्रयोग र संरक्षण आदि पक्षमा कलात्मक एवं मनोवैज्ञानिक चिन्तनको उपयोग गरिनुपर्छ । (हाडा, २०६०) यस्ता शैक्षिक सामाग्री सकेसम्म सस्ता, सर्वसूलभ, स्थानीय स्तरमा उपलब्ध र प्रयोग सरल,स्पष्ट खालका हुनुपर्दछ । शैक्षिक सामाग्रीको प्रयोग बालबालिकामा जिज्ञासा उत्पन्न गराउने, खोजी गर्ने बानी बसाल्ने खालको हुनुपर्छ । -शिक्षा आयोग, २०४९) विभिन्न समयमा गठन भएका शिक्षा सम्बन्धी आयोग, समिति, कार्यदल आदिले दिएको सुझावको आधारमा पाठ्यक्रममा परिवर्तनका साथै बालकेन्द्रित शिक्षण विधि र उपयुक्त शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा विशेष जोड दिएको पाइन्छ ।

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी वनाउन र कक्षा कोठालाई रोचक पार्न शैक्षिक सामग्रीले ठुलो भूमिका खेलेको हुन्छ । शैक्षिक सामग्रीको प्रयोगद्धारा सिकाएको कुरा लामो समयसम्म दिगो र चीरस्मरणीय हुन जान्छ । कक्षा कोठामा केवल शव्द मात्र प्रयोग गरेर मौखिक रुपमा व्याख्या गर्दा विषयवस्तुले दिन खोजेको कुरा स्पष्ट नहुन सक्छ । त्यसैले

कक्षा कोठाको प्रस्तुतीकरणमा मौखिक शव्दमा भन्दा पनि श्रव्य दृश्य सामग्रीको प्रयोग गर्नु वढी उपयुक्त हुन्छ । यस्तो शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलव्धीमा धेरै सहयोग पुऱ्याउँछ । जुन निम्न छन् ।

१. शैक्षिक सामग्रीले शिक्षण सिकाईलाई अर्थपूर्ण र प्रभावकारी वनाउँछ ।

२. शैक्षिक सामग्रीको प्रयोगद्धारा सिकेका कुरा लामो समयसम्म दिगो रहन्छ ।

३. शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थी नयाँ-नयाँ कुरा सिक्न उत्सुक हुन्छन् ।

४. आकर्षक शैक्षिक सामग्रीले वालवालिकाको थकाइ र बोझ हटाउँछ ।

५. प्रत्यक्ष सहभागी भएर, छोएर, हेरेर,अवलोकन गर्न सकिने हुदाँ शैक्षिक सामग्रीको प्रयोगद्धारा सिकेका कुरा व्यवहारमा लागू गर्न सक्छन् ।

शिक्षण-सिकाइ क्रियाकलापका लागि शैक्षिक सामग्री यति महत्वपूर्ण हुदाहुदै पनि विद्यालय तहमा हुने विभिन्न कमी कमजोरीहरु जस्तै : दक्ष शिक्षकको अभाव, पर्याप्त मात्रामा शैक्षिक सामग्रीको उपलव्धता नहुनु, भएका शैक्षिक सामग्रीको प्रयोगमा पनि शिक्षकले अल्छि गर्नु, नाजुक भौतिक एवं आर्थिक अवस्था आदिले गर्दा वयवहारिक रुपमा शैक्षिक सामग्रीको प्रयोग पर्याप्त मात्रामा हुन सकेको छैन र प्रयोग भएका शैक्षिक सामग्रीको पनि स्पष्ट, उपयुक्त र ठीक समयमा प्रयोग हुन नसक्नुका साथै उपलव्ध शैक्षिक सामग्रीलाई विद्यार्थीको रुचि र चाहना भन्दा पनि शिक्षकहरुको चाहना अनुसार प्रयोग गर्ने गरेको पाइन्छ ।

मानव जीवनमा भाषा अनिवार्य  हुन्छ । नेपालको सन्दर्भमा भन्ने हो भने नेपाली भाषा प्रत्येक नेपालीका लागि अनिवार्य वन्न पुगेको छ । नेपालको संविधान २०७२ र त्यसभन्दा अगाडिका संविधानहरुले पनि नेपाली भाषालाई साझा भाषा, सम्पर्क भाषा र सरकारी कामकाजको भाषाका रुपमा स्वीकारेको हुनाले पनि यसको अनिवार्यता प्रष्टिन्छ ।

नेपालको शिक्षाको माध्यम भाषा पनि नेपाली भाषा नै भएकाले नेपाली भाषामा राम्रो भाषिक सीप भएको विद्यार्थीको नै समग्र शैक्षिक अवस्था राम्रो हुन्छ । अहिले कक्षा १ देखि विद्यालयका सवै तहहरुमा नेपाली भाषालाई अनिवार्य विषयका रुपमा पाठ्यक्रमले समेटेको छ । उच्च शिक्षाका तहमा पनि नेपाली भाषालाई अनिवार्य विषयका रुपमा स्वीकारेकाले नेपाली भाषा शिक्षणको अवस्था सुदृढ हुन आवश्यक छ ।

नेपाली भाषाको शिक्षणमा भाषिक सीप विकासमा शैक्षिक सामग्रीले सिकाएको कुरालाई लामो समयसम्म दिगो र चीर स्मरणीय बनाउने गर्दछ । भाषा शिक्षणमा मौखिक रुपमा व्याख्या विश्लेषण गरेर गरिने शिक्षण निरर्थक बन्न जान्छ । श्रव्य दृश्य सामग्रीको प्रयोग गरेर गरिने शिक्षण वढी उपलव्धीमूलक बन्न जान्छ । अतः शिक्षणलाई दीगो, भरपर्दो, छिटो, रुचिपूर्ण, अर्थपूर्ण, व्यवहारिक, उत्साहपूर्ण बनाउन शैक्षिक सामग्रीको प्रयोग गरिनु आवश्यक भएकाले यो अध्ययन गर्न खोजिएको छ ।

## १.२. समस्याको कथन

शिक्षण-सिकाइ क्रियाकलापको प्रभावकारी तत्व भनेको शैक्षिक सामग्री सङकलन, निर्माण र उचित प्रयोग हो । बालबालिकाको उमेर,रुचि,भावना र बालमनोविज्ञनलाई बुझेर सोही अनुरुपको शिक्षण-सिकाइ गर्नु एक असल शिक्षकको कर्तव्य हो । सूचना र संचार जगतको तीब्र विकासले विश्वलाई एउटै कोठामा सीमित गरिसक्दाको अवस्थामा पनि नेपालमा भने केवल पाठ्यपुस्तकलाई मात्र आधारभूत शिक्षण सामग्रिको रुपमा प्रयोग गर्ने र उही पूरानै ढर्राको शिक्षण विधिको प्रयोग गरी शिक्षण गर्ने परिपाटी कायमै छ भने कतिपय दुरदराजमा रहेका बालबालिकाहरुले पाठ्यपुस्तक बाहेक कक्षाकोठामा कुनै पनि शैक्षिक सामागि्र प्रयोग गर्न पाएका छौनन् । शिक्षकहरु पनि पाठ्यपुस्तकमा मात्र निर्भर रहेको स्थिति विद्यमान छ । फलस्वरुप शिक्षण-सिकाइ कार्य प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित भइरहेको उपलव्धि स्तर दिन प्रतिदिन बढ्नुको सट्टा घट्दै गइरहेको छ ।(काफ्ले, सन २०११:१६)
विद्यालय तहमा शैक्षिक सामाग्रीको प्रयोगमा थुप्रै समस्याहरु छन् । शिक्षकहरुमा शैक्षिक सामाग्री निर्माण र प्रयोग बारे पर्याप्त ज्ञान नहुनु, विषयवस्तु सँग मिल्ने शैक्षिक सामाग्रीको अभाव, उपलब्ध शैक्षिक सामग्रीको प्रयोगमा शिक्षकले चासो नदिनु, नयाँ-नयाँ प्रविधिको ज्ञान नहुनु, तालिमको अभाव, तालिममा सिकेका कुरा शिक्षण कार्यमा लागु नगर्नु जस्ता तत्वहरु बाधक बनेर रहेका छन् (हाडा, २०६०) ।

स्थानीय सामग्रीको प्रयोगले बालबालिकामा जिज्ञासु, उत्सुकताका साथै सिर्जनात्मक सीपको विकास गराउँछ । शैक्षिक सामग्रीको प्रयोगबाट प्राप्त हुने सिकाइ उपलब्धि शैक्षिक सामग्रीको प्रयोग विना हुने सिकाइ उपलब्धिभन्दा बढी भइरहेको देखिन्छ ( सनुवार, २०६१:३१) ।

जसको परिणामस्वरुप आज सामुदायिक विद्यालयले थुप्रै शैक्षिक क्षति व्यहोर्नु परेको छ । शिक्षाको उपलब्धि र गुणस्तर घट्दै गइरहेको तथा विद्यालयमा शैक्षिक वातावरणको ह्रास हुदै गइरहेको छ । यसरी विभिन्न पक्षमा ज्ञान, सीप प्रंदान गरी बालबालिकाहरुलाई स्वस्थ,स्वावलम्बी एवम् चरित्रवान नागरिक तयार पार्ने प्रमुख उद्देश्यहरु समावेश भएको नि.मा.वि.तहको पठनपाठनको अवस्था, स्थानीय स्तरमा पाइने शैक्षिक सामाग्रीको सङकलन र प्रयोग गरिसकेपछि शैक्षिक सामग्रीको संरक्षणको अवस्था,यसको प्रयोगमा कठिनाइ स्तर, शैक्षिक सामाग्रीको प्रयोग गर्दा र नगर्दा उपलब्धिमा परेको प्रभाव आदि पक्षको अवस्था बुझ्नको लागि "नेपाली भाषा शिक्षणमा शैक्षणिक सामग्रीको प्रयोगको अवस्था"लाई समस्याको रुपमा छनौट गरिएको छ । यस अध्ययनका समस्या कथनहरु निम्न छन् :

१. विद्यालयमा शैक्षणिक सामाग्रीको उपलब्धताको अवस्था कस्तो रहेको छ ?

२. शैक्षणिक योजना अन्तर्गत वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजनाको अवस्था कस्तो रहेको छ ?

३. शिक्षण-सिकाइ क्रीयाकलापमा विषयवस्तुसँग मेलखाने शिक्षण सामग्रीको अवस्था कस्तो छ ?

४. मूल्य पर्ने र नपर्ने सामग्री मध्ये कुन बढी प्रयोग गर्ने गरेका छन् ?

५. शैक्षणिक सामग्रीको निर्माण र प्रयोगमा के कस्ता समस्या रहेका छन् ?

६. शैक्षणिक सामग्रीको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयले के कस्तो प्रयास गरेको छ ?

७. शैक्षणिक सामग्रीको निर्माण र प्रयोगसँग सम्वन्धित समस्याहरुको हल कसरी गर्न सकिन्छ ?

८. शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय स्तरमा पाइने सामग्रीको सङ्कलन, निर्माण र प्रयोगको अवस्था कस्तो रहेको छ ?

### १.३. अध्ययनको औचित्य

सिकाइको मूर्त धारणा विद्यार्थी समक्ष पुऱ्याउन र आफ्नो शिक्षण कार्यवाट ठोस, प्रभावकारी, चाखलाग्दो, उत्साही, अर्थपूर्ण र रोचक बनाउन शिक्षकलाई सधैं सहयोग गर्ने हतियार शैक्षिक सामग्री हो । यसको अभावमा शिक्षकले जतिसुकै प्रयास गरे पनि सफल शिक्षण गर्न सक्दैन् । अतः शिक्षकका लागि र प्रभावकारी शिक्षणका लागि शैक्षिक सामग्रीको

ज्यादै महत्वपूर्ण स्थान रहेको मानिन्छ । एउटा उपयुक्त चित्रले हजारौं शव्दको ज्ञान गराइरहेको हुन्छ भने झै शिक्षण कार्यलाई उद्देश्यमूलक बनाउनको लागि सैद्धान्तिक व्याख्याले मात्र पुग्दैन त्यसको लगि विषयवस्तुले मागे अनुसारको शैक्षिक सामग्रीको उपयुक्त तरिकाले प्रयोग गर्न सक्नुपर्छ । शिक्षण एउटा कला हो । एउटा असल शिक्षकमा जस्तो सुकै चुनौतिलाई पनि सहज रुपमा सफलता हसिल गर्न सक्ने कला हुनु पर्छ । शैक्षिक सामग्रीको उचित प्रयोगले वालवालिकालाई सिकाएका विषयवस्तु, ज्ञान र सीप चीरस्थायी हुन सक्छ । शैक्षिक सामग्रीको यति महत्व हुदाँ हुदैं पनि कतिपय विद्यालयमा शैक्षिक सामग्रीको अभाव रहेको हुन्छ भने अर्को तर्फ उपलब्ध भएका शैक्षिक सामग्रीको दक्ष जनशक्तिको अभावमा प्रयोग गरिएको पाइदैन । नेपाली भाषा शिक्षण गर्नको लागि पनि शैक्षिक सामग्रीको प्रयोग महत्वपूर्ण रहेको हुन्छ । यदि यसको सहीरुपमा प्रयोग भएको खण्डमा नेपाली भाषा सिकाइ स्थायित्व र उपलब्धिमूलक हुन सक्छ । यस अध्ययनको औचित्यलाई बुँदागत रुपमा तल उल्लेख गरिन्छ ।

१. शैक्षणिक सामग्रीको प्रयोग गर्दा कस्ता समस्याहरु आउन सक्छन् । सो पत्ता लगाई सम्वन्धित पक्षको ध्यानाकर्षण गरी आवश्यक सुधारमा सहयोग गर्ने छ ।
२. शैक्षिक सामग्रीको प्रयोग र संरक्षणमा सहयोग गर्ने छ ।
३. शिक्षक, विद्यार्थी र सरोकारवालालाई शैक्षिक सामग्रीको सङ्कलन, निर्माण र प्रयोगका निमित्त प्रेरणादायिक हुने छ ।
४. थप अध्ययन अनुसन्धान गर्ने संघ संस्था र व्यक्तिहरुका लागि यसको महत्व रहने छ ।
५. त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय पाठ्क्रम तथा मूल्याङ्कन स्नातकोत्तर तह दोस्रो वर्ष शोधपत्र विषयको पाठ्भार पूरा गर्ने यसको औचित्य रहेको छ ।
६. सामुदायक विद्यालयमा शैक्षिक सामग्रीको अवस्थाबारे जानकारी दिन यसको महत्व रहेको छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्न अनुसारका उद्देश्यहरु निर्धारण गरिएको छ ।

१. कक्षा ८ को नेपाली भाषा शिक्षणमा शैक्षणिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था पत्ता लगाउनु ।
२. शैक्षिक सामग्रीको प्रयोगमा देखा परेका समस्याहरुको पहिचान गर्नु ।

३. शैक्षिक सामग्रीको प्रयोगमा देखा परेका समस्याहरुको सामधानका उपायहरु पत्ता लगाउनु ।

### १.५. अध्ययनको सीमा

यस अध्ययन कार्यलाई समय श्रोत साधनको अभावले गर्दा सिन्धुली जिल्लाको श्री उ.मा.वि. लदाभिर श्रोत केन्द्र अर्न्तगत पर्ने दुधौली नगरपालिकाभित्र सञ्चालित ३ वटा उ.मा.वि. मध्येवाट २ उ.मा.वि. ४ वटा मा.वि.मध्येबाट १ मा.वि. ३ वटा नि.मा.वि. मध्येबाट १ नि.मा.वि. र २ वटा संस्थागत विद्यालय मध्येबाट १ विद्यालयलाई नमूना छनौटमा पारी ५ वटा विद्यालयमा मात्र सीमित रही अध्ययन गरिएको थियो ।

१. उ.मा.वि. लदाभिर श्रोत केन्द्रका ५ वटा विद्यालयमा मात्र समेटिएको थियो ।

२. छनौटमा परेका विद्यालयका प्र.अ. र कक्षा ८ मा अध्यापन गर्ने नेपाली भाषा शिक्षक सँग मात्र सीमित गरिएको थियो ।

३. छनौटमा परेका विद्यालयका कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थी सँग मात्र सीमित गरिएको थियो ।

४. यो अध्ययन कक्षा ८ मा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपलव्धता र प्रयोगको अवस्थासँग मात्र सीमित गरिएको थियो ।

५. यस अर्न्तगत अर्न्तवार्ता सूची, प्रश्नावली फारम, कक्षा अवलोकन फरम, लक्षित समूह छलफल विधिको मात्र प्रयोग गरिएको थियो ।

# परिच्छेद : दुई

# सम्वन्धित साहित्यको पुनारावलोकन

## २.१. सैद्धान्तिक साहित्यको पुनरावलोकन

यस अध्ययनबाट प्राप्त तथ्यलाई पूरा गर्नका लागि वैचारिक खाकाको सहयोग लिनु पर्ने भएकोले उपलब्ध भएका जानकारीहरुलाई विविध सिद्धान्त र जानकारीसँग नियाल्दै मुख्यतया निम्न रुपमा सैद्धान्तिक खाकाहरुसँग तुलनात्मक अध्ययन बिश्लेषण गरिएको छ ।

टेलर (१९४९) ले उल्लेख गरे अनुसार पाठ्यक्रम विकासका तार्किक नमुना तथा प्रशिक्षणका आधारभूत सिद्धान्तहरू नामक पुस्तकमा पाठ्यक्रमका चारवटा तत्वहरू हुनु पर्ने धारणा व्यक्त गर्दै पाठ्यक्रमलाई तर्कपूर्ण, व्यवस्थित , क्रमबद्ध तथा अर्थपूर्ण रुपमा विकसित गर्नका लागि वैज्ञानिक सिद्धान्तहरू अपनाउनु पर्छ भन्ने उल्लेख गरेका छन् । उनले पाठ्यक्रम विकासमा आधारभूत सिद्धान्तलाई चारवटा प्रश्नहरूको रुपमा उठाएका छन् । उनले उठाएका सवालहरूमा, विद्यालयको कस्ता शैक्षिक उद्देश्यहरू प्राप्त गर्ने ? निर्धारित शैक्षिक उद्देश्यहरू हाँसिल गर्न कुन शैक्षिक अनुभवहरू प्रदान गर्ने? शैक्षिक अनुभवहरूलाई कसरी प्रभावकारी ढङ्गले सुसङ्गठित गर्ने ? र उद्देश्यहरू प्राप्त भए नभएको कसरी निर्धारण गर्ने भन्ने चारवटा प्रश्नहरू अगाडि सारेका छन्। यसरी पाठ्यक्रमको विकास गर्दा पाठ्यक्रम अनुभवहरूको छनोट, सिकाइ अनुभवहरूको सङ्गठन र मुल्याङ्कनमा ध्यान दिनुपर्ने हुन्छ । सिकाइ अनुभवहरूको छनोटमा विद्यार्थीको सक्रिय र सहभागितालाई सुनिश्चित गर्ने र सिकाइका लागि क्रियाकलाप र सक्रिय सहभागिताद्धारा मात्र सिकाइ हुने कुरालाई इङ्कित गर्न खोजेको छ । उनले सिकाइ अनुभवहरूको छनौट गर्न सिकाइ अनुभवहरूले अपेक्षा गरिएको व्यवहारमा अभ्यास गर्ने प्रशस्त अवसरहरू प्रदान गर्नु पर्ने कुरामा जोड दिएका छन् (निउरे,२०६८ मा उदृत) ।

यस सिद्धान्त अनुसार कुनै पनि कार्यक्रमले कुनै न कुनै उद्देश्य राखेको हुन्छ । ति उद्देश्य पुरा भएन भने कार्यक्रम सञ्चालन गर्नुको कुनै अर्थ रहदैन । तसर्थ शिक्षण सिकाई क्रियाकलापमा पनि त्यसका तहगत तथा राष्ट्रिय लक्ष्य तथा उद्देश्यहरू रहेका हुन्छन् । ति लक्ष्य तथा उद्देश्यको परिपुर्ति गर्नका लागि कस्ता शैक्षिक अनुभवहरू प्रदान गर्ने, त्यसलाई कसरी सुसंगठित गर्ने र त्यसमा कस्ता सामग्रीहरूको प्रदर्शन गरी कार्यक्रमको प्रभावकारी वृद्धि गर्ने आदिको निक्यौल गरी त्यस अनुसार लाग्नु पर्ने देखिन्छ । तसथै शैक्षिक

अनुभवहरूलाई प्रभावकारी ढंगले संगठित गर्नको लागि शैक्षिक सामग्रीको प्रयोग गर्नुमा सार्न्दभिक देखिन्छ ।

आर.ए.स्टेक (१९७२) ले उत्तरदायी मूल्याङ्कन नमुनामा उल्लेख गरे अनुसार मुल्याङ्कनको कार्य मुल्याङ्कीत विषयमा दायीत्व भएका स्रोताहरूको चासो र मुद्दाहरूको व्याख्या गर्नु हो । मुल्याङ्कनकर्ताको प्राकृतिक व्यवहारलाई सुधार र लक्षित बनाउन आवश्यक प्रविधिको विकास गर्नु हो । मुल्याङ्कनकर्ताले पुर्वनिधारित कुराहरूमा भन्दा पनि कार्यक्रमको वास्तविकता र सहभागीहरूको प्रतिक्रिया, चासो र मुद्दाहरूप्रति उत्तरदायी हुनुपर्दछ । उनकाअनुसार मुल्याङ्कनले शैक्षिक कार्यक्रमको आशा वा उद्देश्य भन्दा त्यसको क्रियाकलापलाई जोड दिइनछ भने त्यो उत्तरदायी मुल्याङ्कन हो ।

उत्तरदायी मूल्याङ्कनकर्ताको भूमिका निम्न छन् :

क) आफुले रेकर्ड गरेका कुराहरूको रेकर्ड जाँच गर्छ ।

ख) विभिन्न व्यक्तिहरूबाट अधिकारीक तथ्ययहरू प्राप्त गर्दछ ।

ग) आफ्नो कर्याक्रमलाई अनौपचारीक र क्रियात्मक बनाउदै क्रिया प्रतिक्रियाको माध्यमबाट अगाडी बढ्छ ।

घ) संचारका माध्यमबाट अगाडी बढ्छ ।

यस सिद्धान्त अनुसार कार्यक्रमको प्रभावको व्याख्या विश्लेषण गर्ने तथ्याङकनै मुल्याङ्कन हो तसर्थ कार्यक्रमको उपलब्धिको स्तर वृद्धि गर्न उत्तरदायी मुल्याङ्कन नमुना शिक्षण सिकाइमा पनि उपलब्धि स्तरको वृद्धि गर्न क्रिया, प्रतिक्रिया, क्रियाकलाप तथा सामग्री प्रयोग गर्नु पर्ने कुरामा जोड दिन्छ (खनाल,२०६६मा उद्धृत) ।

यस सिद्धान्त अनुसार कुनै पनि कार्यक्रम को मुल्याङ्कन कर्ताले पुर्वनिर्धारित कुरामा भन्दा कार्यक्रमको वास्तविकता र सहभागीहरुको चासो, क्रिया, प्रतिक्रिया र क्रियाकलापमा उत्तरदायी हुनु पर्दछ । त्यसरीनै शिक्षण सिकाई क्रियाकलापको उपलब्धि उपयुक्त पाउनका निमित्त त्यो कार्यक्रममा सहभागीहरुको चासो, क्रिया, प्रतिक्रिया र कार्यक्रम सञ्चालनमा प्रयोग भएका सामग्रीहरुको अवस्था अध्ययन गर्नु पर्दछ । तर्सथ यो सिद्धान्त अनुसार शिक्षण

सिकाइ क्रियाकलापको प्रभावका निम्ति शिक्षण सिकाइमा सम्वद्ध शैक्षिक सामग्रीको प्रयोग गर्नु सान्दर्भिक देखिन्छ ।

प्रोफेसर डगलस म्याकग्रेगर (१९६०) ले प्रतिपादित कार्य प्रति उत्प्रेरणा जगाउने एक्स र वाई सिद्धान्त अनुसार काम गर्नका लागि अनुकुल वातावरण हुनुपर्ने तथा आफ्नो कामको मौद्रिक तथा गैर मौद्रिक पुरस्कार दिनाले कामदार कार्य सन्तुष्टि महसुस गर्ने तर्फ यो सिद्धान्त केन्द्रित हुन्छ । एक्स सिद्धान्त अनुसार कर्मचारीलाई राम्रो काम गराउन कडा नियन्त्रण र निर्देशनको आवश्यकता पर्दछ । किनकि मानिस स्वभावैले अल्छी हुन्छ । त्यसैले कामदारलाई पेलेर, हप्काएर, तर्साएर धम्काएर काम गर्न विवस बनाइन्छ । यस सिद्धान्तले मानबीय पक्ष स्वीकार नगरेको हुनाले मानिसलाई उत्प्रेरित गर्न वाई सिद्धान्तको बिकास भएको हो। जस अनुसार आजको बिज्ञान तथा प्रविधि एवम प्रजातान्त्रिक युगमा कामदारको योग्यता, क्षमतालाई दवाएर नभई खुशी, सन्तुष्टि र स्वतन्त्रता प्रदान गरी प्रतिभाको प्रस्फुटन गराउन जरुरी हुन्छ । जसले गर्दा मानिस आफ्नो उत्तरदायित्व वहन गर्न अभिप्रेरित भई संगठनको सफलताको उच्च अकांक्षा राख्दछन् । त्यसैले यी दुई सिद्धान्तलाई मध्यनजर राख्दा शैक्षिक संस्थाभित्र पनि एक्स सिद्धान्तको सम्भावना देखिदैन । विगतमा यो सिद्धान्तले आफ्नो अस्तित्व नजमाएको होईन तर अहिलेको विज्ञान, प्रविधि र प्रजातान्त्रिक युगमा शिक्षण सिकाई क्रियाकलाप शिक्षक केन्द्रित पद्धतिवाट नभई विद्यार्थी केन्द्रित विधिबाट अघिवढेको छ । शिक्षक एकहोरो बोल्ने र विद्यार्थी निष्क्रिय स्रोता भई सुन्ने अवस्था अहिले छैन । जसले गदाई वाई सिद्धान्तको विकास भएको हो । जसले कामदारको भावना आबेगलाई सहर्ष स्वीकार गर्दछ । काम गर्ने र गराउने वीच सौहार्दपूर्ण सम्बन्ध हुन्छ । त्यसैले कक्षाकोठामा शिक्षक विद्यर्थीवीच मानवीय सम्बन्ध कायम हुनगई शिक्षण सिकाई क्रियाकलाप प्रति अभिप्रेरीत भई प्रभावकारी शिक्षणमा सघाउ पुग्ने हुन्छ । उक्त सिद्धान्तले यस अध्ययनको तथ्यांङ्कलाई विश्लेषण गरी निष्कर्षसम्म पुग्न सहयोग गर्ने अपेक्षका साथ यस सिद्धान्तको पुनरावलोकन गरिएको छ।

फ्रेडरीक हर्जबर्ग, (१९५०) द्वारा प्रतिपादित उत्प्रेरणा आरोग्य सिद्धान्त अनुसार मानिसमा उत्प्रेरणा ल्याउने र मानिसलाई असन्तुष्ट हुने दुईवर्गका तत्वहरुको विवेचना गरिएको छ । यस सिद्धान्तले मूलभूत रुपमा मानिस कसरी सन्तुष्ट हुन्छन र कुन-कुन तत्वले गर्दा उनी प्रवाहित हुन्छन भन्नेकुरालाई प्राथमिकताका साथ औल्याइएको छ । जस अन्तर्गत आरोग्य तथा असन्तुष्टि तत्व कामदारको कार्य वातावरणसँग सम्वन्धित छ । आरोग्य तत्व भनेको कार्यका आवश्यक अंग होइनन् । आरोग्य तत्वले कामदारको कार्य दक्षतामा कुनै वृद्धि र विकास गर्दैन तर पनि कार्यमा आउने असन्तोष रोकेर उत्कृष्ट कार्य सम्पादनकालागि भने अभिप्रेरीत गर्दछ । आरोग्य तत्वले सकारात्मक रुपमा राम्रो स्वस्थ्य अवस्था अभिबृद्धि गर्दैन तर खराव स्वस्थ्य हुनबाट भने रोकथाम गर्ने प्रयास गर्दछ । त्यस्तैगरी उत्प्रेरणा तत्वले व्यक्तिलाई उत्कृष्ट कार्य गर्नका लागि अभिप्रेरित गर्दछ । यी तत्वहरु विद्यमान रहेका खण्डमा कर्मचारीमा आत्मसन्तुष्टि प्राप्त हुन्छ र राम्रो कार्य गर्ने तर्फ उत्प्रेरित हुन्छन । उक्त आरोग्य उत्प्रेरणा सिद्धान्त अनुसार कर्मचारीलाई उत्प्रेरणा दिने क्रममा व्यवस्थापकले सुरुमा

आरोग्य तत्वको पूर्ति गर्नुपर्दछ । आकर्षक तलव, कामगर्ने सुरक्षित वातावरण साथै संगठनको नीति नियम सहर्ष स्वीकार हुनु पर्दछ । अन्तरबैयक्तिक सम्बन्ध राम्रो हुनु पर्दछ ।त्यसकारण शिक्षकलाई काम प्रति  उत्प्रेरणा दिनका लागि उत्प्रेरणा सिद्धान्तलाई जोड दिन जरुरी हुन्छ । जसले कर्मचारीको मनोबल, सन्तुष्टि एवम कार्य कुशलतामा ध्यान दिन्छ । फलस्वरुप शिक्षण सिकाइ कार्य प्रभावकारी रुपमा अघि बढन सक्छ । तसर्थ शिक्षकलाई पेशा प्रति आकर्षित एवम उत्तरदायी बनाइनु पर्दछ । किनकि शिक्षकवाट समाजले ठूलो अपेक्षा राखेको हुन्छ । त्यसैले शिक्षकको कार्य कुसलता, उत्पादकत्व र नाफादायकता, सकारात्मक प्रभावकारीता तथा उनीहरुलाई पेशाप्रति उत्तरदायी बनाउन उत्प्रेरणा सिद्धान्त कोशेढुङ्गा साबित भई कक्षाकोठामा शिक्षक विद्यार्थी अन्तरक्रिया कार्य व्यवस्थित भई शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्दछ । उपरोक्त सिद्धान्तहरुले यस अध्ययनको तथ्याङ्कलाई विश्लेषण गरी निष्कर्ष सम्मपुग्न सहयोग गर्ने अपेक्षाका साथ यस अध्ययनसँग सम्बन्धित गरिएको छ ।

## २.२. सम्वन्धित साहित्यको पुनारावलोकन

कुनै पनि विषयवस्तुको अनुसन्धान वा खोज गर्नु पूर्व त्यससँग सम्वन्धित पूर्व साहित्यको पुनारावलोकन गर्नु आवश्यक पर्दछ । अध्ययन कार्यलाई सहजरुपमा सम्पन्न गर्नको लागि पूर्व साहित्यको अध्ययनले महत्वपूर्ण आधार प्रदान गर्दछ । पूर्व सहित्यको समीक्षाले अनुसन्धानकर्तालाई विगतमा भएका अध्ययन वारे विस्तृत जानकारी उपलव्ध गराउछ र अनुसन्धान कार्यलाई गन्तव्यमा पुर्‍याउन मार्ग दर्शन गर्दछ ।

शिक्षा विभाग (२०६६) द्वारा “कक्षा ८ का विद्यार्थीहरुको राष्ट्रिय उपलब्धि मापन २०६४” शीर्षकमा एउटा अध्ययन प्रतिवेदन तयार पारिएको थियो । कक्षा ८ का विद्यार्थीहरुको मुख्य विषयहरुमा शैक्षिक उपलब्धिको मापन गर्नु, यी विषयहरुमा विद्यार्थीहरुको राष्ट्रिय उपलब्धि स्तर निर्धारण गर्नु नि.मा.वि. तहका विद्यार्थीहरुको सिकाइमा प्रभाव पार्ने तत्वहरु पहिचान गर्नु आदि यस अध्ययनका मुख्य उद्देश्यहरु रहेका थिए । उक्त प्रतिवेदनका अनुसार राष्ट्रिय उपलब्धि स्तर ४३.६२% रहेको देखिन्छ । विषयगतरुपमा हेर्दा नेपालीमा ४४.४% अङग्रेजीमा ३६.४% गणितमा ३१.७% सामाजिकमा ५३.४% विज्ञानमा ४८% र स्वास्थ्य र जनसङ्ख्यामा ४७.८% सिकाइ उपलब्धि रहेको देखाएको छ । सामाजिक वाहेक सवै विषयमा उपलब्धि स्तर ५०% भन्दा कम रहेको छ । मातृ भाषा, राष्ट्रिय भाषा र सरकारी भाषाको भूमिकामा रहेको नेपाली भाषामा देखिएको उपलब्धि अत्यन्त न्यून रहेको मान्नु पर्छ । उपलब्धि स्तर न्यून हुनुमा पाठ्क्रम निर्माण, विषय विशेषज्ञ, विषयवस्तुको क्षेत्र

क्रम एवम् छनौट, शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोगको अभाव परीक्षा प्रणालि आदि पक्षहरु जिम्मेवार रहेको उक्त अध्ययन प्रतिवेदनले आफ्नो निष्कर्ष निकालेको छ ।

आचार्य २०६३ ले " माध्यमिक तहमा शैक्षिक सामग्रीको प्रयोग र प्रभावकारीता" शीर्षकमा शोध कार्य गरेको पाइछ । उक्त अध्ययनमा काठमाण्डौको १५ वटा सरकारी र संस्थागत विद्यालयमा गरिएको अध्ययनमा सरकारी विद्यालयमा भन्दा संस्थागत विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षकहरु शिक्षण गर्न शिक्षकहरु कम उत्प्रेरित हुने कुरा देखाइएको छ । विषयवस्तु अनुसारको शैक्षिक सामग्री र शिक्षण विधि सरकारी विद्यालय भन्दा संस्थागत विद्यालयमा वढी उपलब्ध भएको र शैक्षिक सामग्रीको प्रयोग कम मात्रामा भएको भए तापनि संस्थागत विद्यालयको उपलब्धि नै राम्रो रहेको तथ्य फेला परेको छ । यसको साथै शिक्षक निर्देशिकामा उल्लेख गरिएको शैक्षिक सामग्रीको प्रयोग कुनै पनि विद्यालयको शिक्षकले नगरेको कुरा सो अध्ययनले देखाएको छ ।

शिक्षा विभागको प्रतिवेदन २०६३ ले विषयगत "कक्षा अवलोकन र शैक्षिक सामग्रीको अध्ययन" सम्वन्धमा गरेको अध्ययनले देशभरि अध्ययन गरेको थियो । उक्त अध्ययनमा कक्षा कोठामा शैक्षिक सामग्रीको उपलव्धता, प्रयोग र प्रभावकारिता सम्वन्धि लेखाजोखा गर्नु, शिक्षक सामग्रीको प्रयोग सम्वन्धमा शिक्षक तालिमको प्रभावकारिता निश्चित गर्नु र प्रा.वि. तहको कक्षा कोठा व्यवस्थापनको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्यहरु समावेश गरेका थिए । अधिकांश दुर्गम पहाडी र हिमाली जिल्लामा शैक्षिक सामग्रीका रुपमा पाठ्यपुस्तकलाई मात्र लिएको र कतिपय विद्यालयमा पाठ्पुस्तक समेत नभएको अवस्थामा शिक्षक स्वयम अलमल्लमा परेको तथ्य यस प्रतिवेदनले पत्ता लगाएको थियो । कक्षा अवलोकनका क्रममा अधिकाशं विद्यालयमा शैक्षिक सामग्री नै उपलब्ध नभएको र उपलब्ध भएको विद्यालयमा पनि शिक्षकले दैनिक प्रयोगमा आउने सामग्री वाहेक अन्य प्रयोगमा आउने सामग्रीलाई त्यति प्राथमिकता नदिएको कारणले अझै पनि शैक्षिक सामग्रीको प्रयोग उचित र प्रभावकारी तरिकाले नहुँदा शैक्षिक उपलब्धि राम्रो हुन नसकेको निष्कर्ष यस अध्ययनमा रहेको पाइन्छ ।

पोखरेल २०६६ ले "कक्षा ६ को गणित विषयको शिक्षण सिकाइमा शिक्षक र विद्यार्थीहरुले सामना गर्नु परेका समस्याहरु" शीर्षकमा गरेको शोध पत्रले कक्षा ६ को गणित शिक्षण सिकाइमा शिक्षक र विद्यार्थीहरुले सामना गर्नु परेका समस्याहरु र गणित विषयमा कमजोर देखिएका विद्यार्थीहरुको सिकाइका समस्याहरु सामधानका उपायहरु खोजी गर्नु

भन्ने उद्देश्यहरु थिए सो अध्ययनको निष्कर्षमा तालिमको अभाव, निरीक्षण र अनुगमन नहुनु, विद्यालयमा आवश्यक शैक्षिक सामग्रीको अभाव रहेको देखाइएको छ भने शिक्षकले पाठप्रति पर्याप्त मात्रामा रुचि नजनाँउदा पाठ्सामग्री अपूर्ण र अस्पष्ट हुँदा, भौतिक वातावरण सिकाइ प्रक्रियाका लागि प्रतिकुल, परीक्षाको समयमा प्रतिकुलताको अवस्था सिर्जना हुँदा विद्यार्थीको सिकाइमा समस्या उत्पन्न भएको देखाइएको छ ।

चन्द्र (२०६४) ले " वाँके जिल्लाका विद्यालयहरुमा कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको उपयोगिता अध्ययन" शीर्षकमा शोध कार्य गरेका छन् । उक्त शोधमा आर्थिक समस्याको कारण शैक्षिक सामग्री खरिद गर्न सरकारवाट छुट्टै व्यवस्था गरिनु पर्ने, तालिम प्राप्त शिक्षकहरुलाई मात्र सेवामा प्रवेश दिनु पर्ने, शिक्षकहरुको ज्ञान सीप र वृत्ति विकासको लागि विभिन्न समयमा दिइएका तालिमहरुको कार्यान्वयन भए नभएको मूल्याङकन गरी सल्लाह दिनु पर्ने, विद्यालयमा उपलव्ध हुन नसकेको शैक्षिक सामग्री शिक्षा कार्यालय मार्फत वितरण कार्य मिलाउनु पर्ने, शैक्षिक सामग्री प्रयोग नगर्ने प्रचलनको अन्त्यका लागि शिक्षा मार्फत कडा नीति अवलम्वन गर्नु पर्ने निष्कर्ष निकालिएको छ ।

बराल (२०६८) ले " सर्लाही जिल्लाको कक्षा ६ को भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन" शीर्षकमा शोध पत्र तयार पारेका छन् । उनले यस सोधमा विद्यालयमा दरवन्दी कम भएर निजी स्रोत वाट शिक्षक राखिनु पर्ने भएकाले आर्थिक अभावका कारण शैक्षिक सामग्री खरिद र उपयोग गर्न नसकिएको, राम्रो काम गर्ने शिक्षकलाई पुरस्कार र नराम्रो काम गर्ने शिक्षकलाई दण्डको व्यवस्था नगरिएको हुँदा शैक्षिक सामग्रीको प्रयोगमा कमी आएको, शिक्षक निर्देशिकाको विद्यालयमा अभाव भएको तालिममा प्राप्त ज्ञान र सीप शिक्षकवाट उपयोग नगरिएको, स्थानीय शैक्षिक सामग्रीमा शिक्षकको ध्यान नगएको, शिक्षकको कार्य बोझ वढी भएको हुँदा शैक्षिक सामग्री प्रयोग गर्न नसकिएको निश्कर्ष निकालेका छन् ।


पौडेल (२०६८) ले " माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन" शीर्षकमा शोध पत्र तयार गरेका छन् । उक्त शोधमा अधिकांश विद्यालयहरु आर्थिक अभावको कारणले शैक्षिक सामग्री प्रयोग गर्न असमर्थ भएका, शिक्षकहरु तालिम प्राप्त भए पनि सामग्री संकलन निर्माण र प्रयोग वारे धेरै अनविज्ञ भएका, शिक्षणमा पुरस्कार र दण्डको व्यवस्था नहुँदा शिक्षणमा परम्परागत धारणा विद्यमान रहेको,

स्थानीय स्रोत र साधनको उपयोग शैक्षिक सामग्रीको रुपमा नगरिनु, अधिकांश विद्यालयमा शिक्षक निर्देशिका नभएको, व्याख्यान विधिलाई कम गर्ने प्रयासको थालनी नगरिएको, शिक्षक दरवन्दी कम भएका कारण शिक्षकको कार्यवोझ वढी भई शैक्षिक सामग्री प्रयोग गर्न नसकिएको, विशेष गरी शैक्षिक सामग्रीकोरुपमा कालोपाटी र पाठ्पुस्तकको प्रयोग गरिएको, शैक्षिक सामग्री सम्वन्धि आधुनिक उपकरण को प्रयोग भएको नपाइएको निष्कर्ष निकालिएको छ ।

यसरी पूर्व अध्ययनहरुलाई हेर्दा नेपालको सन्दर्भमा महत्वपूर्ण ठनिएको नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग सम्वन्धि अध्ययन खासै नभएको पाइयो । त्यसैले यस अध्ययनमा "नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था" अध्ययन गर्ने प्रयास गरिएको छ ।

### २.३. अवधारणात्मक ढाँचा

कुनै पनि अध्ययन कार्यलाई प्रभावकारी रुपमा अगाडि वढाउन सजिलो होस भन्ने दृष्टीकोणले तयार पारिएको मार्ग चित्रलाई अवधारणत्मक ढाँचा भनिन्छ । यस अध्ययनको लागि तल तालिकामा देखाइएको अवधारणात्मक ढाँचाको प्रयोग गरिएको थियो ।



# परिच्छेद : तीन

# अध्ययन विधि

यस परिच्छेदमा शोध अनुसन्धानसंग सम्बन्धित अध्ययन विधी , जनसंख्या ,स्रोत साधन, तथ्याङ्क सङ्कलन र विष्लेषण समेत प्रस्तुत गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययन विभिन्न अनुसन्धानात्मक प्रश्नहरू, अवलोकन फाराम, अर्न्तवार्ता, विद्यालयबाट प्राप्त अभिलेखका आधारमा तयार गरिएको छ । अध्ययनकार्यमा शोधकर्ता स्वयम् आफै नमुनामा परेका विद्यालयहरूमा गई प्रत्यक्ष रूपमा विभिन्न तथ्य एवम सङ्कलित तथ्याङ्कहरूलाई व्याख्यात्मक एवम् वर्णनात्मक किसिमले प्रस्तुत गरिएको छ । तथ्याङ्कहरू प्रत्यक्षरूपमा अनुसन्धानकर्ताबाटै सङ्कलन गरिएकाले बढी यथार्थपरक हुने विश्वास गरिएको छ ।

## **३.१. अनुसन्धान सामग्री ढाँचा**

यस शोध कार्यका लागि सिन्धुली जिल्लाको श्री उ.मा.वि. लदाभिर स्रोत केन्द्र भित्र पर्ने दुधौली नगरपालिकामा रहेको एक नि.मा.वि. एक उ.मा.वि. र तीन मा.वि. तहका विद्यालयका कक्षा ८ मा अध्ययनरत छात्र छात्राहरुको कक्षा शिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्रीको प्रयोग को उपलव्धताको अवस्था अध्ययन गरिएको छ। कुनै पनि अध्ययनको लागि निश्चित योजना तथा नीतिको आवश्यकता पदर्छ । पूर्व तयारीको योजना विना गरिने अध्ययन अनुसन्धान आफ्नो लक्ष्यसम्म पुग्न सक्दैन त्यसकारण "नेपाली भाषा शिक्षण मा शैक्षिक सामग्रीको प्रयोगको अवस्था" शीर्षक अर्न्तगत अध्ययन गर्नको लागि निम्न वमोजिमको अनुसन्धान सामग्री ढाँचा तयार पारिएको छ ।

| क्र.सं. | उद्देश्य | सूचनाको स्रोत | सूचना संकलनका साधन |
|---|---|---|---|
| १. | कक्षा ८ को नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोग र उपलव्धताको अवस्था पत्ता लगाउन । | प्रधानाध्यापक<br>शिक्षक<br>विद्यार्थी | अर्न्तवार्ता सूची<br>प्रश्नावली फारम<br>लक्षित समूह छलफल |

| | | | |
|---|---|---|---|
| २. | शैक्षिक सामग्रीको प्रयोगमा देखा परेका समस्याको पहिचान गर्न | प्रधानाध्यापक<br>विद्‍यार्थी<br>शिक्षक | अन्तवार्ता सूची<br>लक्षित समुह छलफल<br>प्रश्नावली फारम |
| ३. | शैक्षिक सामग्रीको प्रयोगमा देखा परेका समस्याहरुको समाधानका उपायहरु पत्ता लगाउन | प्रधानाध्यापक<br>शिक्षक<br>विद्‍यार्थी | अर्न्तवार्ता सूची<br>प्रश्नावली फारम<br>लक्षित समुह छलफल |

### ३.२. जनसङ्ख्या तथा नमुना छनौट

यस अध्ययन अनुसन्धानका लागि जनसङ्ख्याको ठुलो समूहलाई अध्ययन गर्न असम्भव हुने हुँदा सीमित स्रोत साधन र समयको ख्याल गरी यस अध्ययनको लागि प्रतिनिधित्व हुने गरी निम्न अनुसारको छनोट प्रक्रिया अपनाइने छ ।

### ३.२.१ जनसङ्ख्या छनोट

यस अध्ययन कार्यलाई समय श्रोत साधनको अभावले गर्दा सिन्धुली जिल्लाको श्री उ.मा.वि. लदाभिर श्रोत केन्द्र अर्न्तगत पर्ने दुधौली नगरपालिकाभित्र सञ्चालित ३ वटा उ.मा.वि. मध्येवाट २ उ.मा.वि. ४ वटा मा.वि.मध्येबाट १ मा.वि. ३ वटा नि.मा.वि. मध्येबाट १ नि.मा.वि. र २ वटा संस्थागत विद्‍यालय मध्येबाट १ विद्‍यालयका प्र.अ. हरु कक्षा आठमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरु र कक्षा ८ का विद्यार्थीहरुलाई जनसङ्ख्या छनोटमा पारिएको थियो ।

### ३.२.२ विद्यालय छनौट

यस अध्ययनको लागि सिन्धुली जिल्लाको लदाभिर स्रोतकेन्द्र अर्न्तगत पर्ने दुधौली नगरपालिकामा रहेका ३ उ.मा.वि.मध्ये १ उ.मा.वि. ४ मा.वि. मध्ये १ मा.वि. ३ नि.मा.वि. मध्ये एक नि.मा.वि. र २ संस्थागत विद्यालयलाई चिठ्ठा प्रणालिद्धारा छनौट गरी छनौट मा जम्मा ५ विद्यालयलाई पारिएको थियो ।

### ३.२.३ प्रधानाध्यापक छनौट

यस अध्ययनका लागि छनौटमा परेको ५ विद्यालयका प्र.अ. हरुलाई उद्देश्यमूलक विधिवाट छनौटमा पारिएको थियो ।

### ३.२.४ शिक्षक छनौट

यस अध्ययनका लागि छनौटमा परेका ५ विद्यालयका ८ कक्षामा नेपाली शिक्षण गर्ने विषय शिक्षकलाई उद्देश्यमूलक विधिवाट छनौटमा पारिएको थियो ।

### ३.२.५ विद्यार्थीको छनौट

यस अध्ययनका लागि छनौटमा परेको विद्यालयका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुवाट छात्र छात्रालाई समान प्रतिनिधित्व हुने गरी गोला प्रथाद्वार १०- १० जना छात्र छात्रा हरुलाई लक्षित समूह छलफलमा समावेश हुने गरी छनौट गरिएको थियो ।

### ३.३.. साधनहरुको निर्माण

कुनै पनि अध्ययन अनुसन्धानले निश्चित उद्देश्यहरु लिएको हुन्छ । ती उद्देश्यहरु पूरा गर्नको लागि तथ्याङ् संकलन गर्ने साधनको आवश्यकता पर्दछ । उद्देश्य अनुरुपका साधनको निमार्ण र प्रयोग गर्न सकिएन भने अध्ययनले निर्धारण गरेका उद्देश्यहरु प्राप्त गर्न सक्दैन त्यसकारण यस अध्ययनलाई उद्देश्यमूलक र सार्थक वनाउनको लागि प्राथमिक सूचना संकलनका स्रोत अर्न्तवार्ता सूची, प्रश्नावली फारम, कक्षा अवलोकन फारम र लक्षित समूह छलफल रहने छन् भन्ने द्धितीय सूचनाको लागि शोध पत्र विभिन्न लेख रचना अध्ययन रहनेछन । यस अध्ययनका लागि निम्न साधनको निमार्ण गरी सूचनाहरु संकलन गरिएको थियो ।

(क) प्रधानाध्यापकको लागि अर्न्तवार्ता सूची

(ख) शिक्षकका लागि प्रश्नावली फारम

(ग) विद्यार्थीको लागि लक्षित समूह छलफल निर्देशिका

(घ) कक्षा अवलोकन फारम

### ३.४. तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनको लागि आवश्यक पर्ने सूचना संकलन गर्न छनौटमा परेको विद्यालयमा गई प्रधानाध्यापक र कक्षा ८ को नेपाली भाषा शिक्षण गराइरहनु भएको नेपाली भाषा शिक्षकलाई आफ्नो अध्ययनको उद्देश्यको जानकारी गराई आवश्यक सूचना उपलव्ध गराइदिन अनुरोध गरिएको थियो । प्रधानाध्यापकसँग नियमित अर्न्तवार्ता सूचीभित्र रही अर्न्तवार्ता लिएर अनि विषय शिक्षकलाई प्रश्नावली फारम भर्न लगाएर तथ्याङ्क संकलन गरिएको थियो ।

त्यसैगरी विद्यार्थीसँग सुह छलफल गरेर अनि स्वयमले कक्षा अवलोकन गरेर आवश्यक तथ्याङ्क संकलन गरिएको थियो ।

**३.५. साधनको वैधता**

तथ्याङ्क संकलनको लागि साधनहरुको निमार्ण गरी सकेपछि आपसी छलफल गरी प्राप्त सूचनाको आधारमा संसोधन गरी मस्यौदा तयार पारिएको थियो । उक्त मस्यौदालाई शोध निर्देशकज्यू समक्ष पेश गरी शोध निर्देशकको राय सल्लाहाअनुसार पूनः परिमार्जन गरी शोध समितिका विज्ञ समक्ष पेश गरेर औपचारिक छलफल गरिएको थियो । छलफल वाट प्राप्त राय सल्लाह एवं सुझावअनुसार आवश्यक सुधार गरी अन्तिम रुप दिएर तथ्याङ्क संकलन गर्ने साधनको वैधता सुनिश्चित गरिएको थियो ।

**३.६. तथ्याङ्कको व्याख्या र विश्लेषण**

यस अध्ययनको लागि छनौमा परेका विद्यालयका प्रधानाध्यापक, कक्षा ८ मा नेपाली भाषा शिक्षण गर्ने शिक्षक र विद्यार्थीवाट प्राप्त प्रारम्भिक एवं द्धितीय तथ्याङ्क वर्णनात्मक एवं तालिका विधिवाट उद्धेश्यहरुको आधारमा  छुट्टछुट्टै व्याख्या र विश्लेषण गरिएको थियो । अध्ययनवाट प्राप्त सूचनाहरु विशेष गरेर गुणात्मक हुने भएकाले शाब्दिक एवं भाषिक ढङ्गले व्याख्या विश्लेषण गरिएको थियो ।

# परिच्छेद : चार

# सूचनाको विश्लेषण र व्याख्या

अध्ययन अनुसन्धान कार्यबाट प्राप्त तथ्याङ्कहरुको आधारमा  व्याख्या गर्नुपर्ने हुन्छ । "नेपाली भाषा शिक्षणमा शैक्षणिक सामग्रीको प्रयोगको अवस्था" शीर्षक अन्तर्गत कक्षा ८ को नेपाली भाषा शिक्षणमा शैक्षणिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था पत्ता लगाउन, शैक्षणिक सामग्रीको प्रयोगमा देखा पेरका समस्याहरुको पहिचान गर्न र समस्याहरुको समाधानका उपायहरु पत्ता लगाउन आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । सूचना संकलनको लागि सिन्धुली जिल्लाको श्री उ.मा.वि. लदाभिर स्रोतकेन्द्रसँग आवद्ध १२ वटा नि.मा.वि./मा.वि./उ.मा.वि. मध्ये चिठ्ठा प्रणालीद्वारा ५ वटा विद्यालयहरुलाई छनौट गरिएको थियो । नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक र विद्यार्थी हरुका लागि अन्तरवार्ता सूची, कक्षा अवलोकन फारम, लक्षित समूह छलफल जस्ता साधनको प्रयोग गरी प्राप्त सूचनाहरुलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ :

## ४.१. कक्षा ८ को नेपाली भाषा शिक्षणमा शैक्षणिक सामग्रीको प्रयोगको अवस्थाः

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, रुचिकर एवम् उद्देश्यमूलक बनाउनका लागि शैक्षणिक सामग्रीको निर्माण र प्रयोगको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसको प्रयोगबाट बालबालिकाहरुले सहज र सरल तरिकाबाट सिक्न सक्छन् । त्यसैले सफल र प्रभावकारी ढङ्गले शिक्षण गर्न विषय शिक्षकले वार्षिक कार्ययोजना , एकाइ योजना र दैनिक पाठयोजनाको निर्माण र प्रयोग गर्न अति आवश्यक हुन्छ । प्रत्येक विषय शिक्षकहरुमा शैक्षणिक सामग्रीको निर्माण , सङ्कलन , प्रयोग र संरक्षण सम्बन्धी ज्ञान , सिप र प्रवृत्ति हुनु आवश्यक हुन्छ ।

यसै सन्दर्भमा यस अध्ययनको पहिलो उद्देश्य अन्तरगत नेपाली भाषा शिक्षणमा शैक्षणिक सामग्रीको प्रयोग अवस्थासँग सम्बन्धित सूचनाहरुका लागि छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, कक्षा अवलोकन फारम र विद्यार्थी हरुबाट सङ्कलन गरिएका तथ्याङ्कहरुको तल विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१.१. शैक्षणिक सामग्रीको प्रयोग आवस्थाः

यस अध्ययनका लागि छनौटमा परेका ५ वटा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरु र कक्षा अवलोकनका लागि क्रमशः अन्तरवार्ता सूची, प्रश्नावली फारम, लक्षित समूह छलफल निर्देशिका र कक्षा अवलोकन फाराम जस्ता साधनको प्रयोग गरी आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । शैक्षणिक सामग्री अन्तरगत वार्षिक कार्य योजना, एकाइ योजना र दैनिक पाठ्योजना गरी तिनवटा पक्षको अवस्था सम्बन्धी अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं १ : शैक्षणिक सामग्रीको प्रयोगको अवस्था**

| क.सं. | विवरण | अध्ययनमा सहभागीहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक | विद्यार्थी | कक्षा अवलोकन |
| १. | वार्षिक कार्य योजना | प्रयोग भएको | १(२०) | २(४०) | २(४०) | २(४०) |
| | | प्रयोग नभएको | २(८०) | ३(६०) | ३(६०) | ३(६०) |
| २. | एकाई योजना | प्रयोग भएको | २(४०) | २(४०) | २(४०) | २(४०) |
| | | प्रयोग नभएको | ३(६०) | ३(६०) | ३(६०) | ३(६०) |
| ३. | दैनिक पाठ योजना | प्रयोग भएको | २(४०) | २(४०) | २(४०) | ४(४०) |
| | | प्रयोग नभएको | ३(६०) | ३(६०) | ३(६०) | ६(६०) |

**नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउछ ।** **स्रोत : स्थलगत अध्ययन, २०७२**

**क) वार्षिक कार्ययोजना**

माथिको तालिका १ अनुसार कक्षा ८ को नेपाली भाषा शिक्षणमा वार्षिक कार्ययोजनाको प्रयोगको अवस्थाका सम्बन्धमा यस अध्ययनमा सहभागी ५ जना प्र.अ. मध्ये १ (२०) जनाको वार्षिक कार्ययोजनाको प्रयोग भएको विचार व्यक्त गर्नु भएको थियो । उक्त विचारसँग २ (४०) जना सहभागी शिक्षकहरु पनि सहमत रहेका थिए । कक्षा अवलोकनको क्रममा पनि २ (४०) वटा कक्षामा वार्षिक कार्ययोजनाको प्रयोग भएको पाइएको थियो । अर्को तर्फ २ (८०) जना प्र.अ.ले वार्षिक कार्ययोजनाको प्रयोग भएको विचार व्यक्त गर्नु

भएको थियो । उक्त विचारसँग ३ (६०) जना शिक्षकहरु पनि सहमत रहेको देखिन्छ । कक्षा अवलोकन ३ (६०) वटा कक्षामा यसको प्रयोग नभएको भेटिएको थियो ।

माथि उल्लेखि सहभागीहरुको विचार अनुसार वार्षिक कार्य योजनाको प्रयोग न्यून रुपमा र वढी सहभागीहरुको प्रयोग नभएको विचार व्यक्त गरेको देखियो ।

**ख) एकाइ योजना**

प्रस्तुत तालिका १ मा प्राप्त तथ्याङ्कलाई  हेर्दा अध्ययनमा सहभागी ५ जना प्र.अ. मध्ये २ (४०) जनाको कक्षा ८ को नेपाली भाषा शिक्षणमा एकाइ योजनाको प्रयोग भएको विचार व्यक्त गर्नु भएको थियो । प्र.अ. को विचारसँग २(४०) जना शिक्षकहरु पनि सहमत रहेको देखिन्छ । त्यस्तै कक्षा अवलोकनबाट पनि २ (४०) वटा कक्षामा एकाइ योजनाको प्रयोग भएको भेटिएको थियो । तर ३ (६०) जना प्रधानाध्यापकहरुको एकाइ योजनाको प्रयोग नभएको आधारमा व्यक्त गर्नु भएको थियो । उक्त धारणासँग ३(६०) जना शिक्षकहरु पनि सहमत रहेका थिए । ३(६०) वटा कक्षा अवलोकनमा पनि एकाइ योजनाको प्रयोग नभएको पाइएको थियो ।

माथि उल्लेखित सहभागीहरुको विचारलाई अध्ययन गर्दा प्रष्ट भन्न सकिन्छ कि एकाइ योजनाको प्रयोग सामान्य भएको देखिन्छ भने अधिकांश विद्यालयमा प्रयोग नभएको धारणा व्यक्त गरेको पाइयो ।

**ग) दैनिक पाठयोजनाः**

माथि प्रस्तुत तालिका १ मा उल्लेखित तथ्याङ्कको आधारमा यस अध्ययनका लागि सहभागीहरु मध्ये २ (४०) जना प्रधानाध्यापकहरु दैनिक पाठयोजनाको प्रयोग भएको विचार व्यक्त गर्नुएको थियो । उक्त विचारसँग २ (४०) जना शिक्षकहरुको समान विचार रहेको देखिन्छ । त्यस्तै लक्षित समूह छलफलमा १० वटा समूहमा सहभागी विद्यार्थी हरु मध्ये ४ (४०) वटा समूहले दैनिक पाठयोजनाको प्रयोग भइरहेको वताएका थिए । कक्षा अवलोकनका क्रममा पनि २ (४०) वटा कक्षामा दैनिक पाठयोजनाको प्रयोग भएको भेटिएको थियो । दैनिक पाठयोजनाको प्रयोग नभएको पक्षमा ३ (६०) जना प्र.अ. र ३ (६०) जना शिक्षकहरुले विचार व्यक्त गरेका थिए । त्यस्तै ६(६०) समूहमा सहभागी विद्यार्थी

हरुले पनि दैनिक पाठयोजनाको प्रयोग नभएको वताएका थिए । कक्षा अवलोकनको शिलशिलामा ३ (६०) वटा कक्षामा प्रयोग नभएको पाइएको थियो ।

यसबाट स्पष्ट हुन्छ कि शिक्षण सिकाइ क्रियाकलापमा दैनिक पाठयोजना अधिकांश विद्यालयमा प्रयोग नभएको पाइन्छ ।

### ४.१.२. शिक्षण सामग्रीको निर्माण र संकलनको अवस्था

कक्षा ८ को नेपाली भाषा शिक्षणमा आवश्यक पर्ने शिक्षण सामग्रीको निर्माण सङ्कलनको अवस्था पत्ता लगाउन यस अध्ययनका सहभागी ५ जना प्र.अ., कक्षा ८ को नेपाली भाषा विषय अध्यायपन गरिरहेका ५ जना शिक्षककहरु र प्रत्येक विद्यालयबाट १०/१० जना छात्र छात्राहरु छनौट गरिएको थियो । उनीहरुका लागि क्रमशः अन्तरवार्ता सूची, प्रश्नावली फाराम र लक्षित समूह छलफल निर्देशिका तथा कक्षा अवलोकन फाराम जस्ता साधनको प्रयोग गरी आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । प्रस्तुत स्रोतबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा उल्लेख गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका २ः शिक्षण साम्रीको निर्माण र सङ्कलनको अवस्था**

| क्र.सं. | विवरण | अध्ययनमा सहभागीहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | विद्यार्थीहरु | कक्षा अवलोकन |
| १ | शिक्षण सामग्रीको निर्माण र संकलन | भएको | १ (२०) | २(४०) | १(२०) |
| | | नभएको | ४ (८०) | ३(६०) | ४(८०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ । स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका २ अनुसार कक्षा ८ को नेपाली भाषा विषयसँग सम्बन्धि शिक्षण सामग्रीको निर्माण र संकलनको अवस्था कस्तो रहेको छ भनि सोधिएको प्रश्नमा अधययनका सहभागी ५ जना प्र.अ. मध्ये १ (२०) जनाले शिक्षण सामग्री निर्माण र सङ्कलन भएको विचार व्यक्त गर्नु भएको थियो । २ (४०) जना शिक्षकहरु पनि प्रधानाध्यापकको विचारसँग सहमत रहेका थिए । त्यस्तै लक्षित समूहमा सहभागी विद्यार्थी हरु ४ (४०) वटा समूहले शिक्षण सामग्रीको निर्माण र सङ्कलन भएर प्रयोग भएको विचार व्यक्त गरेका थिए । कक्षा अवलोकनका क्रममा पनि १ (२०) कक्षामा शिक्षण सामग्रीको निर्माण सङ्कलन भएको पाइएको थियो । तर ४(८०) जना प्रधानाध्यापकले नेपाली भाषा

विषयसँग सम्बन्धि शिक्षण सामग्रीको निर्माण र सङ्कलन नभएको विचार व्यक्त गरेका थिए । उक्त विचारसँग ३ (६०) जना शिक्षकहरु र ६ (६०) समूहका विद्यार्थी हरु पनि सहमत रहेको दखिन्छ । त्यस्तै कक्षा अवलोकनको क्रममा ४(८०) बाट कक्षामा नेपाली भाषा विषयसँग सम्बन्धित शिक्षण सामग्रीको निर्माण र सङ्कलन नभएको पाइएको थियो ।

उपरोक्त तथ्याङ्कका आधारमा स्पष्ट भन्न सकिन्छ कि कक्षा ८ को नेपाली भाषा विषयसँग सम्बन्धित शिक्षण सामग्रीको निर्माण र संकलनको अवस्था न्यून रहेको देखिन्छ ।

### ४.१.३. निर्मित र स्थानीयस्तरमा पाइने सामग्रीको प्रयोगको अवस्थाः

कक्षा ८ को नेपाली भाषा विषयको शिक्षणमा आवश्यक पर्ने निर्मित ( शैक्षिक जनशक्ति विकास केन्द्रले निर्माण गरेका र अन्य बजारमा पाईने शिक्षण सामग्रीको प्रयोगको अवस्था पत्ता लगाउन छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक र विद्यार्थी हरु तथा कक्षा अवलोकनबाट आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । प्रस्तुत स्रोतहरुबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा उल्लेख गरी विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका ३ः निर्मित र स्थानीय स्तर पाइने शिक्षण सामग्रीको प्रयोगको अवस्था**

| क्र.सं. | विवरण | | अध्ययनमा सहभागीहरु | | | |
|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक | विद्यार्थी | कक्षा अवलोकन |
| १. | निर्मित शिक्षण सामग्रीहरु | भएको | २(४०) | १(२०) | २(२०) | १(२०) |
| | | नभएको | ३(६०) | ४(८०) | ८(८०) | ४(८०) |
| २. | स्थानिय स्तरमा पाइने शिक्षण सामग्रीहरु | भएको | २(४०) | २(४०) | ४(४०) | १(२०) |
| | | नभएको | ३(६०) | ३(६०) | ६(६०) | ४(८०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ । स्रोत : स्थलगत अध्ययन, २०७२

### क) निर्मित शिक्षण सामग्रीहरुः

मथिको तालिका ३ अनुसार कक्षा ८ को नेपाली भाषा शिक्षणसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाद्वारा निर्मित सामग्रीको प्रयोगको अवस्थाका सम्बन्धित प्रश्नको जवाफमा ५ जना सहभागी प्र.अ. मध्ये २(४०) जनाले प्रयोग भएको विचार राख्नु

भएको थियो । उक्त विचारसँग १(२०) जना शिक्षक र २(२०) वटा समूहका सहभागी विद्यार्थीहरु सहमत रहेका थिए । त्यस्तै कक्षा अवलोकनबाट पनि १(२०) कक्षामा प्रयोग भएको पाइएको थियो । बाँकी ३(६०) जना प्र.अ., ४(८०) जना शिक्षकहरु र ८(८०) वटा समूहका विद्यार्थीहरुले निर्मित शिक्षण सामग्रीको प्रयोग नरहेको विचार व्यक्त गरेका थिए । त्यस्तै ४(८०) वटा कक्षामा पनि प्रयोग नभएको भेटिएको थियो ।

माथिका सहभागीहरुले व्यक्त गरेका विचार अनुसार निर्मित शिक्षण सामग्रीहरुको प्रयोगको अवस्था न्यून रहेको पाइयो ।

**ख) स्थानीय स्तरमा पाइने शिक्षण सामग्रीहरुः**

माथिको तालिका ३ अनुसार कक्षा ८ को नेपाली भाषा शिक्षणसँग मेल खाने स्थानीय स्तरमा पाइने शिक्षण सामग्रीहरुको प्रयोगको अवस्थाका वारेमा सोधिएको प्रश्नको जवाफमा सहभागी मध्ये २(४०) जना प्र.अ., २(४०) जना शिक्षक र ४(४०) समूहका विद्यार्थीहरुले स्थानिय स्तरमा पाइने शिक्षण सामग्रीको प्रयोग भएको समान धारणा व्यक्त गरेका थिए । त्यस्तै कक्षा अवलोकनको क्रममा पनि १(२०) कक्षामा प्रयोग भएको पाइएको थियो । बाँकी ३(६०) जना प्र.अ., ३(६०) जना शिक्षक र ६(६०) समूहका विद्यार्थीहरुले स्थानीय स्तरमा पाइने शिक्षण सामग्रीहरुको प्रयोग नभएको विचार व्यक्त गरेका थिए । त्यस्तै ४(८०) वटा कक्षामा पनि स्थानीय स्तरमा पाइने शिक्षण सामग्रीहरुको प्रयोग नभएको पाइएको थियो ।

माथि प्रस्तुत सहभागीहरुको विचार अनुसार प्रस्ट हुन्छ कि स्थानीय स्तरमा पाइने शिक्षण सामग्रीहरुको प्रयोगको अवस्था न्यून रहेको पाइयो ।

### ४.१.४. शिक्षण सामग्रीको निर्माण र संकलनमा विद्यार्थीहरुको सहभागीताको अवस्थाः

शिक्षण सिकाइलाई बालकेन्द्रित र उत्साहित बनाउनको लागि शिक्षण सामग्रीको निर्माण र सङ्कलनमा विद्यार्थीहरुको सहभागीता हुनु जरुरी हुन्छ । यसै सन्दर्भमा यस अध्ययनको लागि छनौटमा परेका विद्यालयका प्र.अ. , शिक्षक र विद्यार्थीहरुसँग शिक्षण सामग्रीको निर्माण र सङ्कलनमा विद्यार्थी सहभागीता सम्बन्धी सूचनाहरु सङ्कलन गरिएको थियो । सूचनाका लागि अन्तवार्ता सूची, प्रश्नावली फाराम लक्षित समूह छलफल निर्देशिका र कक्षा अवलोकन फाराम जस्ता साधनको प्रयोग गरिएको थियो । प्रस्तुत

स्रोतहरुबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा उल्लेख गरी विशलेषण र व्याख्या गरिएको छ ।

**तालिका ४: शिक्षण सामग्री निर्माण र संकलनमा विद्यार्थीसहभागीता**

| क्र.सं. | विवरण | | अध्ययनमा सहभागीहरु | | | |
|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक | विद्यार्थी | कक्षा अवलोकन |
| क. | शिक्षण सामग्री निर्माण र संकलनमा विद्यार्थी सहभागीता | हुन्छ | २ (४०) | २ (४०) | २ (२०) | १ (२०) |
| | | हुदैन | ३ (६०) | ३ (६०) | ८ (४०) | ४ (८०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।          स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका ४ मा उल्लेखित तथ्याङ्कहरकको विश्लेषण गर्दा २(४०) जना प्र.अ.ले शिक्षण सामग्री निर्माण र संकलनमा विद्यार्थी हको सभागिता हुन्छ भन्ने विचार ब्यक्त गरेका थिए । उक्त विचारसँग २(४०) जना शिक्षक र २(२) समूहका विद्यार्थीहरु पनि सहमत रहेका थिए । त्यस्तै कक्षा अवलोकन गर्ने क्रममा १(२०) कक्षामा विद्यार्थीसहभागीता रहेको पाइएको थियो । बाँकि ३(६०) जना प्र.अ.ले शिक्षण सामग्री निर्माण र सङ्कलन कार्यमा विद्यार्थीसहभागीता रहदैन भन्ने विचार व्यक्त गरेका थिए । सो विचारसँग ३(६०) जना शिक्षक र ८(८०) वटा समूहका विद्यार्थी हरुले पनि सहमति जनाएको देखिन्छ । त्यस्तै ४(८०) वटा कक्षामा पनि विद्यार्थीसमभागिता नरहेको पाइएको थियो ।

यसबाट स्पष्ट हुन्छ कि शिक्षण सामग्री निर्माण र संकलनमा विद्यार्थीसहभागीता न्यून अवस्थामा रहेको पाइयो ।

### ४.१.५. शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोगको अवस्था

यस अध्ययनका लगि छनोटमा परेका विद्यालयका ५ जना प्र.अ., शिक्षक र विद्यार्थी हरुसँग क्रमशः अन्तरवार्तासूची, प्रश्नावली फाराम र लक्षित समूह छलफल निर्देशिका तथा

कक्षा अवलोकन फारामको प्रयोग गरी यस विषयसँग सम्बन्धित सूचनाहरु सङ्कलन गरिएको थियो । ती स्रोतबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका ५: शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोग**

| क्र.सं. | विवरण | | अध्ययनमा सहभागीहरु | | | |
|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक | विद्यार्थी | कक्षा अवलोकन |
| क. | शिक्षण सामग्री को रुपमा पाठ्यपुस्तक प्रयोग | प्रयोग भएको | ३ (६०) | ३ (६०) | ८ (८०) | ४ (८०) |
| | | प्रयोग नभएको | २ (४०) | २ (४०) | २ (२०) | १ (२०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।            स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका ५ बाट प्राप्त सूचनाहरुको विश्लेषण गर्दा सहभागी प्र.अ. मध्ये ३(६०) जनाको शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोग भएको विचार व्यक्त गरेका थिए । उक्त विचारसँग ३(६०) जना शिक्षक र ८(८०) समूहका सहभागी विद्यार्थी हरु पनि सहमत थिए । त्यस्तै कक्षा अवलोकन गर्दा पनि ४(८०) वटा कक्षामा शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोग भएको पाइएको थियो । बाँकि २(४०) जना प्रधानाध्यापकले शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोग नभएको वताएका थिए । उक्त भनाईसँग २(४०) जना शिक्षक र २(२०) समूहका विद्यार्थी हरु सहमत रहेको देखिन्छ । त्यस्तै १(२०) कक्षामा पनि शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोग नभएको पाइएको थियो ।

माथि प्रस्तुत विचारहरुलाई हेर्दा स्पष्ट हुन्छ कि पाठ्यपुस्तक एक निर्विकल्प साधनको रुपमा अधिकाशं विद्यालयमा प्रयोग भइरहेको पाइयो ।

### ४.१.६. शिक्षण सामग्रीको निर्माण र संकलनमा लागत खर्चको अवस्था

शिक्षण सिकाई क्रियाकलापका लागि आवश्यक पर्ने सामग्रीको निर्माण र सङ्कलन कार्यका लागि आर्थिक बजेटको आवश्यकता पर्दछ । यसै सन्दर्भमा अध्ययनका लागि छनौटमा परेका ५/५ जना प्र.अ. र शिक्षकसँग अन्तरवार्ता सूची र प्रश्नावली फारामको

प्रयोग गरी शिक्षण सामग्री निर्माण र संकलनमा लाग्ने रकमको अवस्था के कस्तो रहेको छ भनी आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । प्राप्त सूचनाहरुलाई तलको तालिकामा उल्लेख गरी विश्लेषण गरिएको छ :

**तालिका ६: शैक्षणिक सामग्री निर्माण र सङ्कलनमा लागत खर्च**

| क्र.सं. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १. | शिक्षण सामग्री निर्माण र संकलनमा गागत खर्च | उपलब्ध छ | १ (२०) | १ (२०) |
| | | उपलब्ध छैन | ४(८०) | ४ (८०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।  स्रोत : स्थलगत अध्ययन, २०७२

माथि प्रस्तुत तालिका ६ मा प्राप्त तथ्याङ्कहरुको विश्लेषण गर्दा सहभागी प्र.अ. मध्ये १(२०) जनाले शिक्षण सामग्रीको निर्माण र संकलनका लागि आवश्यक पर्ने रकम विद्यालयमा उपलब्ध छ भन्ने विचार व्यक्त गरेका थिए । उक्त विचारसँग १(२०) जना शिक्षक पनि सहमत रहेका थिए । बाँकि ४(८०) जना प्रधानाध्यपकले शिक्षण सामग्रीको निर्माण र संकलनमा लाग्ने लागत खर्च विद्यालयमा उपलब्ध छैन भन्ने विचार व्यक्त गरेका थिए । उत्तः विचारसँग ४(८०) जना शिक्षकहरु पनि सहमत रहेका थिए ।

माथि प्रस्तुत विचारको आधारमा प्रष्ट हुनछ कि शिक्षण सामग्री निर्माण र संकलनमा लाग्ने लागत खर्च प्रायः सबै विद्यालयमा अभाव रहेको पाइयो ।

## ४.२. शैक्षणिक सामग्रीको प्रयोगमा देखा परेका समस्याहरुको पहिचान गर्न

शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी, रोचक एवम् उद्देश्यमूलक बनाउनको लागि विद्यालयको परिवेशमा रहेका समस्याहरुको पहिचान गरेर उपयुक्त समाधान गरेर शिक्षण सिकाई गर्नु उपयुक्त मानिन्छ । यस अध्ययनमा शैक्षणिक सामग्रीको प्रयोगमा देखा परेका समस्याहरुको पहिचान गर्न प्रधानाध्यापकसँग अन्तरवार्ता सूची, शिक्षकहरुसँग प्रश्नावली फाराम र विद्यार्थी का लागि लक्षित समू छलफल तथा कक्षा अवलोकन

फारामको माध्यमबाट आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । माथि प्रस्तुत विभिन्न स्रोत र साधनबाट संकिलत तथ्यङ्कलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१. निर्माण शिक्षण सामग्री उपलब्धता सम्बन्धी समस्याहरुः

शिक्षण सिकाई कार्यलाई प्रभावकारी एवम् उद्देश्यमूलक बनाउनको लागि शिक्षण सामग्रीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसै सन्दर्भमा छनौटमा परेका विद्यालय ५/५ जना प्रधानाध्यापक र शिक्षकहरुसँग अन्तरवार्ता सूची र प्रश्नावली फारामको प्रयोग गरी निर्मित शिक्षण सामग्रीको उपलब्धता सम्बन्धी के कस्ता समस्याहरु रहेका छन् भनी यस अध्ययनका लागि आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । उक्त स्रोतबाट प्राप्त सूचनालाई तलको तालिकामा उल्लेख गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका ७: निर्माण शिक्षण सामग्री सम्बन्धी समस्याहरु**

| क.सं. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | खरिद गर्ने बजेटको अभाव | विद्यालय आफैले उपलब्ध गराउँछ | ३(६०) | ३(६०) |
| | | जि.शि.का. ले उपलब्ध गराउँछ | १(२०) | १(२०) |
| | | अन्य संघसंस्थाले उपलब्ध गराउँछ | १(२०) | १(२०) |
| २ | खरिदका लागि बजारको समस्या | बजार टाढा भएको | ४(८०) | ४(८०) |
| | | खरिदका लागि जाने मानिसको अभाव | १(२०) | १(२०) |
| ३ | संरक्षण र भण्डारको समस्या | छुट्टै कोठा नभएको | ३(६०) | ३(६०) |
| | | कोठा भएपनि घर्रा दारज ऱ्याक उपलब्ध नभएको | १(२०) | - |
| | | कोठा चुहिन, धमिरा लाग्ने | १(२०) | १(२०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।　　　　स्रोत : स्थलगत अध्ययन, २०७२

**क) खरिद गर्ने बजेटको अभाव**

माथिको तालिका ७ मा उल्लेखित तथ्याङ्कको आधारमा अध्ययनमा सहभागी प्र.अ. मध्ये ३(६०) जनाले निर्मात सामग्रीको खरिदका लागि आवश्यक बजेट विद्यालय आफैले उपलब्ध गराउनु पर्ने तर विद्यालयसँग पर्याप्त मात्रामा बजेट नभएकोले सो सामग्री खरिद गर्न किठनाइ रहेको विचार व्यक्त गर्नु भएको थियो । उक्त विचारसँग ३(६०) जना शिक्षकहरु पनि सहमत रहेका थिए । त्यस्तै १(२०) जना प्र.अ.ले निर्मित शिक्षण सामग्री खरिदका लागि जि.शि.का.ले बजेट उपलब्ध गराउँछ तर समयमै उपलब्ध नहुने भएकाले सो सामग्री खदिमा समस्या रहेका बताउनु भएको थियो । उत्तः भनाईसँग १(२०) जना शिक्षक सहमत रहेका थिए । अन्य संघसंस्थाले उपलब्ध गराउँछन् भनि १(२०) जना प्र.अ. ले धारण व्यक्त गरेका थिए । सो धारणसँग १(२०) जना शिक्षक पनि सहमत रहेका थिए । यसबाट स्पष्ट हुन्छ कि निर्मित शिक्षण सामग्री खरिद गर्नको लागि अधिकांश विद्यालय आफैले व्यवस्था गर्नुपर्ने देखिन्छ । विद्यालयसँग सो सामग्री खरिद गर्न बजेटको अभाव भएकोले निर्मित शिक्षण सामग्री खरिदमा आर्थिक समस्या रहेको देखिन्छ ।

**ख) खरिदका लागि बजारको समस्या**

माथिको तालिका ७ अनुसार निर्मित शिक्षण सामग्रीको खरिदको लागि ४(८०) जना प्र.अ.ले बजार टाढा भएकोले समयमै उक्त सामग्री खरिद गर्न नसकिने विचार व्यक्त गरेका थिए । उक्त विचारसँग ४(८०) जना शिक्षकहरुले पनि सहमति जनाएका थिए । बाँकि १(२०) जना प्र.अ. र १ जना शिक्षकले सामग्री खरिदका लागि जाने मानिसको अभाव रहेको धारणा व्यक्त गर्नु भएको थियो ।

यस स्पष्ट भन्न सकिन्छ कि निर्मित शिक्षण सामग्री खरिदका लागि बजार टाढा भएकाले पनि सो सामग्री खरिदमा समस्या रहेको विचार व्यक्त गरेको पाइयो ।

**ग) संरक्षण र भण्डारण समस्या**

माथिको तालिका ७ मा उल्लेखित तथ्याङ्कको आधारमा अध्ययनमा सहभागी ५ जना प्र.अ. मध्ये ३(६०) जना निर्मित शिक्षण सामग्री संरक्षण र भण्डारण गर्नको लागि छुटै कोठाको व्यवस्था नभएको विचार व्यक्त गरेका थिए । सो विचारसँग ५(८०) जना शिक्षकहरु पनि सहमत रहेको देखिन्छ । त्यस्तै १(२०) जना प्र.अ. ले कोठा भए पनि चुहिने, धमिरा

लाग्ने समस्याले पनि उक्त सामग्रीको संरक्षण र भण्डारण गर्न नसकिएको धारणा व्यक्त गरेक थिए । उक्त धारणसँग १(२०) जना सहभागी शिक्षक पनि सहमत रहेको थिए ।

माथि प्रस्तुत विचारका आधारमा स्पष्ट भन्न सकिन्छ कि निर्मित शिक्षण सामग्रीको संरक्षण र भण्डारणका लागि छुट्टै कोठा नभएको सबैभन्दा बढी अभाव रहेको पाइयो ।

### ४.२.२. शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरुः

शिक्षण सिकाई क्रियाकलापमा शैक्षणिक सामग्रीको प्रयोगमा के कस्ता समस्याहरु रहेका छन् भनि अध्ययन गरिएको थियो । सो अध्ययनको क्रममा छनौटमा परेका विद्यालयका ५/५ जना प्र.अ. र शिक्षकहरु समावेश गरिएको थियो । शैक्षणिक सामग्री अन्तर्गत बार्षिक कार्य योजना, एकाइ योजना र दैनिक पाठयोजनासँग सम्बन्धित समस्याहरु केलाउने प्रयास गरिएको थियो । उत्तः अध्ययनका लागि सहभागीहरुका विचारलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ :

**तालिका ८ः शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरु**

| क्र. सं. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | वार्षिक कार्ययोजना प्रयोगमा देखिएका समस्याहरु | समयमै पाठ्यक्रम, शिक्षक निर्देशिका र शैक्षिक क्यालेण्डर उपलब्ध नहुनु | १(२०) | १(२०) |
| | | तालिम प्राप्त शिक्षक नहुनु | १(२०) | १(२०) |
| | | समयको अभाव हुनु | ३(६०) | ३(६०) |
| २ | एकाइ योजना प्रयोगमा देखिएका समस्याहरु | समयमै शिक्षक निर्देशिका र पाठ्पुस्तक उपलब्ध नहुनु | १(२०) | १(२०) |
| | | तालिम प्राप्त शिक्षकको अभाव हुनु | १(२०) | १(२०) |
| | | समयको अभाव हुनु | ३(६०) | ३(६०) |
| ३ | दैनिक पाठयोजना प्रयोगमा देखिएको समस्याहरु | समयमै शिक्षक निर्देशिका र पाठ्यपुस्तक उपलब्ध नहुने | १(२०) | १(२०) |
| | | तालिम प्राप्त शिक्षकको अभाव | १(२०) | १(२०) |
| | | समयको अभाव | ३(६०) | ३(६०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ । स्रोत : स्थलगत अध्ययन, २०७२

**क) वार्षिक कार्य योजना प्रयोगमा देखिएका समस्याहरुः**

माथिको तालिका ८ मा प्रस्तुत तथ्यङ्क अनुसार यस अध्ययनमा सहभागी ५ जना प्र.अ. मध्ये १(२०) जनाले पाठ्यक्र, शिक्षक निर्देशिका र शैक्षिक क्यालेन्डर समयमै उपलब्ध नहुने भएकाले वार्षिक कार्य योजनाको प्रयोगमा समस्या रहेको विचार व्यक्त गरेका थिए । उक्त विचारसँग सहभागी ५ जना शिक्षकहरु मध्ये १(२०) जनाले पनि सहमत जनाएको देखिन्छ । त्यसै १ (२०) जना प्र.अ.ले तालिम प्राप्त शिक्षक नभएकाले पनि वार्षिक कार्य योजनाको प्रयोगमा समस्या रहेको धारण व्यक्त गरेका थिए । सो धारणसँग १(२०) जना शिक्षक सहमत रहेको देखिन्छ । बाँकि ३(६०) जना प्र.अ.ले एउटै शिक्षकले ६/७ पिरियड पढाउनुपर्ने बाध्यता भएकाले उनीहरुलाई समयको अभाव हुने भएकाले पनि वार्षिक कार्ययोजना निर्माण गरी प्रयोगमा ल्याउन समस्या रहेको विचार व्यक्त गरेका थिए । बाँकि ३(६०) जना शिक्षकहरु पनि उक्त विचारसँग सहमत रहेको देखिन्छ ।

यस अध्ययनका सहभागीहरुको विचारणलाई ३(६०) जनाले समयको अभाव हुने विचार व्यक्त गरेको देखिन्छ । जसबाट स्पष्ट हुन्छ कि वार्षिक कार्ययोजनाको प्रयोगमा समय अपुग हुनु मुख्य समस्याका रुपमा रहेको पाइयो ।

**ख) एकाइ योजना प्रयोगमा देखिएका समस्याहरुः**

माथिको तालिका ८ मा उल्लेखित तथ्याङ्क अनुसार सहभागी ५ जना प्र.अ. मध्ये १(२०) जनाले समयमै शिक्षक निर्देशिका र पाठ्यपुस्तक उपलब्ध नहुने हुँदा एकाइ योजना प्रयोगमा समस्या रहेको विचार व्यक्त गरेका थिए । सो विचारसँग १(२०) जना सहभागी शिक्षक पनि सहमत रहेको थिए । त्यस्तै १(२०) जना प्र.अ. ले तालिम प्राप्त शिक्षक नभएकोले एकाई योजनाको प्रयोगमा समस्या रहेको धारणा राखेका थिए । उक्त भनाइसँग १(२०) जना शिक्षक सहमत रहेको देखिन्छ । बाँकि ३(६०) जना प्र.अ.ले एकाई योजनाको प्रयोगमा समयको अभाव हुने धारणा व्यक्त गरेका थिए । उक्त धारणाप्रति ३(६०) जना शिक्षकहरु सहमत रहेका थिए ।

माथी उल्लेखित सहभागीहरुको विचारलाई हेर्दा ३(६०) जनाले योजना प्रयोगमा समयको अभाव रहेको विचार व्यक्त गरेको देखिन्छ । त्यसैले हामी स्पष्ट भन्न सक्छौ कि अधिकांश शिक्षकहरुलाई एकाइ योजनाको प्रयोगमा समयको अभाव रहेको पाइयो ।

**ग) दैनिक पाठयोजना प्रयोगमा देखिएका समस्याहरुः**

माथि प्रस्तुत तालिका ८ अनुसार यस अध्ययनमा सहभागी ५ जना प्र.अ. र ५ जना शिक्षकहरु मध्ये १(२०) जना प्र.अ. र शिक्षकले समयमै पाठ्यपुस्तक र शिक्षक निर्देशिका उपलब्ध नहुने भएकाले दैनिक पाठयोजना प्रयोगमा समस्या रहेको समान विचार व्यक्त गरेका थिए । बाँकि ३(६०) जना प्र.अ. ले दैनिक पाठयोजनाको प्रयोगमा समयको अभाव भएको धारणा व्यक्त गरेका थिए । उक्त धारणासँग ३(६०) जना शिक्षकहरु पनि सहमत रहेका थिए ।

यसबाट स्पष्ट हुन्छ कि दैनिक पाठयोजनाको प्रयोगमा मुख्यतयाः समयको अभाव रहेको धारणा व्यक्त गरेको पाइयो ।

### ४.२.३. स्थानीय शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखा परेका समस्याहरुः

यस अध्ययनका लागि छनौटमा परेका विद्यालयका प्र.अ. र शिक्षकहरुसँग स्थानीय स्तयमा पाइने शिक्षण सामग्री सङ्कलन र प्रयोगमा के कस्ता समस्याहरु रहेका छन् भनी अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका ९ : स्थानीय स्तरमा पाइने शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखिएका समस्याहरुः**

| क.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | संकलनमा समस्याहरु | समयको अभाव | ३(६०) | २(४०) |
| | | अन्य शिक्षकले गर्ने हुदाँ | १(२०) | २(४०) |
| | | झन्झटीलो हुने | १(२०) | १(२०) |
| २ | प्रयोगमा समस्याहरु | कक्षाकोठाको अभाव | २(४०) | २(४०) |
| | | विद्यार्थीसंख्या अधिक हुने | ३(६०) | २(४०) |
| | | झन्झटीलो हुने | - | १(२०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।  स्रोत : स्थलगत अध्ययन, २०७२

**क) संकलनमा देखिएका समस्याहरुः**

माथिको तालिका ९ मा प्रस्तुत तथ्याङ्कको आधारमा विश्लेषण गर्दा सहभागी प्र.अ. मध्ये ३(६०) जनाले स्नानीय स्तरमा पाइने शिक्षण सामग्री सङ्कलन गर्नका लागि समयको अभाव भएको विचार व्यक्त गरेका थिए । उक्त विचारसँग २(४०) जना शिक्षकहरु सहमत रहेका थिए । त्यस्तै १(२०) जना प्र.अ. ले कसैले गर्दैन भनेर विचार व्यक्त गरेका थिए । प्र.अ.को विचारसँग २(४०) जना शिक्षकले समान विचार व्यक्त गरेका थिए । बाँकि १(२०) जना प्र.अ. ले सङ्कलन गर्न झनझट हुने भएकाले पनि यसमा समस्या रहेको प्रतिक्रिया दिएका थिए । १(२०) जना शिक्षक पनि उक्त भनाईसँग सहमत रहेका थिए ।

माथिको तथ्याङ्कलाई अध्ययन गर्दा स्थानीय स्तरमा पाइने शिक्षण सामग्री संकलनमा समयको अभाव अन्य शिक्षकहरुले नबनाउने र झन्झटीलो हुने जस्ता समस्याहरुमा मिश्रित धारण व्यक्त गरेको पाइयो ।

**ख) प्रयोग गर्दा देखिएका समस्याहरु :**

माथि प्रस्तुत तालिका ९ अनुसार यस अध्ययनमा सहभागी प्र.अ. मध्ये २(४०) जनाले स्थानीय स्तरमा पाइने शिक्षण सामग्री प्रयोगका लागि कक्षाकोठाको अभाव रहेको विचार व्यक्त गर्नु भएको थियो । उक्त विचारसँग २(४०) जना शिक्षकहरु सहमत रहेका थिए । त्यस्तै ३(६०) जना प्र.अ.ले विद्यार्थीसंख्या धेरै भएकाले यसको प्रयोगमा समस्या रहेको बताउनु भएको थियो । उक्त भनाईसँग २(४०) जना शिक्षकले सहमती जनाएको देखिन्छ । बाँकि १(२०) जना शिक्षकले उक्त सामग्री प्रयोगमा झन्झट हुने विचार व्यक्त गरेका थिए ।

माथि प्रस्तुत सहभागीहरुको धारणालाई केलाउदा कक्षा कोठाको अभाव र विद्यार्थीसंख्या धेरै हुनु जस्ता समस्यामा अधिकांश प्र.अ. र शिक्षकको विचार रहेको पाइयो । न्यून संख्यामा सहभागीहरुले प्रयोगमा झन्झट हुने धारणा व्यक्त गरेको पाइयो ।

### ४.२.४. शिक्षण सामग्री सङ्कलन र निर्माणमा विद्यार्थीसहभागीतामा देखिएका समस्याहरुः

यस अध्ययनका लागि छनौटमा परेका ५ वटा विद्यार्थी का ५ जना शिक्षक र कक्षा ८ मा अध्ययनरत १०/१० जना विद्यार्थी हरुलाई समान प्रतिनिधित्व हुने गरी समावेश गरिएको थियो । शिक्षकका लागि प्रश्नावली फाराम र विद्यार्थी हरुका लागि लक्षित समूह

छलफल निर्देशिका प्रयोग गरी आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । उक्त श्रोतबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका १० : विद्यार्थीसहभागीतामा देखिएका समस्याहरु**

| क.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | शिक्षक | विद्यार्थी |
| १ | विद्यार्थी सहभागीतामा देखिएका समस्याहरु | समय नभएर | १(२०) | २(२०) |
| | | दायित्व बोध नगर्ने | २(४०) | - |
| | | जानकारीको अभाव | - | ४(४०) |
| | | झन्झट मान्ने | १(२०) | २(२०) |
| | | स्पष्ट र आकर्षक नहुने | १(२०) | २(२०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।          स्रोत : स्थलगत अध्ययन, २०७२

माथि प्रस्तुत तालिका १० मा उल्लेखित तथ्याङ्कका आधारमा विश्लेषण गर्दा अध्ययनमा सहभागी ५ जना शिक्षकहरु मध्ये १(२०) जना शिक्षक र २(२०) समूहमा सहभागी विद्यार्थी हरुले शिक्षण सामग्री सङ्कलन र निर्माणमा विद्यार्थीसहभागीता नहुनुमा समय नभएर भन्ने समान विचार व्यक्त गरेका थिए । २(४०) जना शिक्षकले दायित्व बोध नगर्ने भएकाले पनि यसमा समस्या रहेको प्रतिक्रिया दिएका थिए । ४(४०) वटा समूहका विद्यार्थी हरुले आफूलाई जानकारी नभएको धारणा व्यक्त गरेका थिए । त्यस्तै १(२०) जना शिक्षकले शिक्षण सामग्री संकलनमा विद्यार्थी हरु झन्झट मान्ने भएकाले पनि यसमा समस्या रहेको विचार व्यक्त गर्नुभएको थियो । उक्त विचारसँग २(२०) वटा समूहका विद्यार्थी हरुले सहमत रहेका थिए । बाँकी १(२०) जना शिक्षकले विद्यार्थी ले सङ्कलन र निर्माण गरेका सामग्रीहरु स्पष्ट र आकिर्षत हुने धारणा व्यक्त गरेका थिए । उक्त धारणसँग २(२०) समूहको विद्यार्थी हरु सहमत रहेका थिए ।

प्रस्तुत सहभागीहरुको विचारलाई अध्ययन गर्दा अधिकांश शिक्षकहरुले विद्यार्थी हरुले दायित्वबोध नगर्ने भएकाले पनि यसमा समस्या रहेको विचार व्यक्त गरेको देखिन्छ ।

तर अधिकांश विद्यार्थी हरुले यसका बारेमा आफूहरुलाई जानकारी नभएकाले निर्माणमा सहभागी हुन नसकेको विचार व्यक्त गरेको देखिन्छ ।

### ४.२.५. शैक्षिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने समस्याहरुः

यस अध्ययनका लागि छनौटमा परेका विद्यालयका ५/५ जना प्र.अ. र शिक्षकहरुसँग शैक्षिणिक सामग्रीको रुपमा पाठ्यपुस्तक नै प्रयोग गर्नुपर्ने समस्याहरु के के रहेका छन् भनि साधिएको थियो । उनीहरुको जबाफबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा उल्लेख गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका ११ : शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने कारणहरुः**

| क.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तकको प्रयोगमा समस्या | पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभाव | १(२०) | १(२०) |
| | | समयको अभाव | २(४०) | २(४०) |
| | | आर्थिक अभाव | ३(६०) | २(४०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।            स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका ११ मा प्रस्तुत तथ्याङ्कका विश्लेषण गर्दा १(२०) जना प्र.अ.ले पाठ्यक्रम, शिक्षक निर्देशिका  र शैक्षिक क्यालेण्डर नभएर शैक्षिणिक सामग्रीको रुपमा पाठ्पुस्तकको प्रयोग गर्नुपर्ने विचार व्यक्त गरेका थिए । उक्त विचारसँग १(२०) जना शिक्षक पनि सहमत रहेको देखिन्छ । त्यस्तै १(२०) जना प्र.अ.ले समयको अभाव हुने भएकाले पाठ्यपुस्तक नै शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नु परेको धारणा व्यक्त गरेका थिए । उक्त धारणासँग २(४०) जना शिक्षकहरु पनि सहमत रहेका थिए । बाँकि ३(६०) जना प्र.अ.ले आर्थिक अभाव भएकाले शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नुपर्ने विचार व्यक्त गरेका थिए । उक्त विचारसँग २(४०) जना शिक्षकको पनि समान धारणा रहेको देखिन्छ ।

प्रस्तुत तथ्याङ्कबाट स्पष्ट हुन्छ कि पाठ्यक्रम र शिक्षक निर्देशिका नभएर, समयको अभाव भएर तथा आर्थिक अभाव भएर समस्याहरु मध्ये सबैभन्दा बढी आर्थिक अभावका कारण पाठ्यपुस्तक नै शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नुपर्ने देखिन्छ ।

### ४.२.६. शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने खर्च सम्बन्धी समस्याहरुः

यस अध्ययनका लागि छनौटमा परेका विद्यालयका प्र.अ. र शिक्षकहरुलाई शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने खर्च सम्बन्धी के कस्ता समस्याहरु रहेका छन् भनि जवाफ खोजिएको थियो । उक्त स्रोतबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा देखाइ विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका १२ः आर्थिक पक्षसँग सम्बन्धी समस्याहरु**

| क.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | शैक्षणिक सामग्रीको सङ्कलन र निर्माणमा लाग्ने खर्च सम्बन्धी समस्याहरु | विद्यालयमा उपलब्ध बजेटको अपर्याप्तता | ३(६०) | ३(६०) |
| | | सरकारी निकायबाट उपलब्ध नहुनु | १(२०) | १(२०) |
| | | गैर सरकारी निकायबाट उपलब्ध हुन नसक्नु | १(२०) | १(२०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ । स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको तालिका १२ मा प्रस्तुत तथ्याङ्कको आधारमा यस अध्ययनमा सहभागी ५ जना प्र.अ. मध्ये ३(६०) जनाले शिक्षण सामग्री सङ्कलन र निर्माणका लागि लाग्ने खर्च विद्यालयमा बजेटको अपर्याप्तताका कारण यसमा समस्या रहेको विचार व्यक्त गरेका थिए । उक्त विचारसँग ३(६०) जान शिक्षकहरु पनि सहमत रहेका थिए । त्यस्तै १(२०) जना प्र.अ. ले सरकारी निकायहरुबाट आवश्यक रकम उपलब्ध नभएकाले यसमा समस्या रहेको धारणा व्यक्त गरेका थिए । उक्त धारणासँग १(२०) जना शिक्षक पनि सहमत रहेका थिए । त्यस्तै १(२०) जना प्र.अ. ले सरकारी निकायबाट आवश्यक रकम उपलब्ध नभएकाले यसमा समस्या रहेको धारणा व्यक्त गरेका थिए । उक्त धारणसँग १(२०) जना शिक्षक पनि सहमति रहेका थिए । बाँकी १(२०) जना प्र.अ. र १(२०) जना शिक्षकले गैर सरकारी निकायबाट आवश्यक रकम उपलब्ध हुन नसक्ने कारणले पनि यसमा समस्या रहेको समान विचार व्यक्त गरेका थिए ।

यसबाट स्पष्ट हुन्छ कि शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने खर्चसँग सम्बन्धी समस्याहरुमा विद्यालयमा बजेट अपर्याप्तता, सरकारी निकायबाट उपलब्ध नहुनु र गैर सरकारी निकायबाट बजेट उपलब्ध हुन नसक्नु मध्ये अधिकांश विद्यालयहरुमा बजेटको अपर्याप्तता भएको विचार प्रमुख समस्याको रुपमा व्यक्त गरेको पाइयो ।

### ४.३. शैक्षणिक सामग्रीको प्रयोगमा देखा परेका समस्याको समाधानका उपायहरुः

शिक्षण सिकाइ क्रियाकलापलाई रुचिकर, उद्देश्यमूलक एवम् आकर्षक बनाउनको लागि शैक्षणिक सामग्रीको उपयुक्त ढंगले नियमित रुपमा प्रयोग हुनुपर्दछ । यसको प्रयोगले बालबालिकाहरुले  सहज, सरल र रमाइलो वातावरणीय माध्यमद्वारा सिक्न सक्दछन् । त्यसैले सार्थक शिक्षणका लागि शैक्षणिक सामग्रीको महत्वपूर्ण भूमिका रहन्छ ।

यस अध्ययनको तेस्रो उद्देश्य अन्तरगत  शैक्षणिक सामग्रीको प्रयोगमा देखापरेका समस्याको समाधानका  उपयाहरुसँग सम्बन्धित सूचनाहरु छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थी बाट अन्तर्वार्ता सूची, प्रश्नावली फाराम, लक्षित समूह छलफल जस्ता साधनको प्रयोग गरी तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । प्राप्त सूचना हरुलाई निम्न बमोजिम विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.३.१. निर्मित शिक्षण सामग्री खरिद र संरक्षण सम्बन्धी समाधानका उपायहरुः

यस अध्ययनका लागि छनौटमा परेका ५ वटा विद्यालयका ५/५ जना प्र.अ. र शिक्षकहरुसँग निर्मित शिक्षण सामग्री खरिद र संरक्षण सम्बन्धी समस्या समाधानका उपायहरु के के हुन् सक्छन् भनि प्रश्न सोधिएको थियो । जवाफबाट प्राप्त सूचनाहरुलाई तलको तालिकामा उल्लेख गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका १३ : निर्मित शिक्षण सामग्री खरिद र संरक्षण सम्बन्धी समस्या समाधानका उपायहरुः**

| क.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | खरिदमा लाग्ने बजेट सम्बन्धी समस्या समाधानका उपायहरु | विद्यालयको आफ्नै खर्च गर्ने रकमबाट व्यवस्था गरेर | २(४०) | २(४०) |
| | | सरोकारवालासँग माग गरेर | २(४०) | २(४०) |
| | | चन्दा उठाएर | १(२०) | १(२०) |
| २ | संरक्षण र भण्डारणमा देखिएका समस्या समाधानका उपायहरु | छुट्टै कोठाको व्यवस्था मिलाएर | ३(६०) | ३(६०) |
| | | दायित्व बोध गराएर | २(६०) | १(२०) |
| | | शिक्षकले आफ्नै जिम्मा लिएर | - | १(२०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ।   स्रोत : स्थलगत अध्ययन, २०७२

**क) खरिदमा लाग्ने बजेट सम्बन्धी समस्या समाधानका उपायहरु**

माथिको तालिका अनुसार यस अध्ययनमा सहभागी ५ जना प्र.अ. मध्ये २(४०) जनाले निर्मित शिक्षण सामग्री खरिदमा लाग्ने बजेट सम्बन्धी समस्या विद्यालय प्रशासनिक खर्चबाट मिलाएर समाधान गर्न सकिन्छ भन्ने विचार व्यक्त गरेका थिए। अध्ययनका अर्का सहभागी २(४०) जना शिक्षकहरु पनि उक्त विचारसँग सहमत रहेको देखिन्छ। त्यस्तै २(४०) जना प्र.अ. ले सरोकारबालासँग आवश्यक रकम माग गरेर उक्त समस्या समाधान गर्न सकिने धारणा व्यक्त गरेको पाइयो। सो धारणासँग २(४०) जना शिक्षकहरु पनि सहमत रहेका थिए। त्यस्तै बाँकि १(२०) जना प्र.अ. र १(२०) जना शिक्षकले चन्दा उठाएर पनि उक्त समस्या समाधान गर्न सकिने विचार व्यक्त गरेका थिए।

उपरोक्त सहभागीहरुका विचारलाई हेर्दा निर्मित शिक्षण सामग्रीको खरिदका लागि विद्यालय प्रशासनिक खर्चबाट र सरोकारवालासँग आवश्यक बजेटको माग गरेर उक्त समस्या समाधान गर्नुपर्ने कुरामा जोड दिएको पाइयो ।

**ख) संरक्षण र भण्डारणमा देखिएका समस्या समाधानका उपायहरुः**

माथिको तालिका १३ अनुसार अध्ययनका सहभागीहरुमध्ये ३(६०) जना प्र.अ.ले निर्मित शिक्षण सामग्रीको संरक्षण र भण्डारणका लागि छुट्टै कोठाको व्यवस्था मिलाएर उक्त समस्या समाधान गर्न सकिने धारणा व्यक्त गरेका थिए । अध्ययनका अर्का सहभागी ३(६०) जना शिक्षकहरु पनि उक्त धारणसँग सहमत रहेका थिए । त्यस्तै २(४०) जना प्र.अ.ले शिक्षकलाई दायित्व बोध गराएर उक्त समस्या समाधान गर्न सकिने विचार व्यक्त गरेका थिए । प्र.अ. को विचारसँग १(२०) जना शिक्षक सहमत रहेका थिए । बाँकि १(२०) जना शिक्षकको आफ्नै जिम्मा लिएर संरक्षण गर्न सकिने विचार व्यक्त गरेका थिए ।

प्रस्तुत तथ्याङ्कलाई हेर्दा प्रष्ट हुन्छ कि निर्मित शिक्षण सामग्री संरक्षण र भण्डारणको लागि छुट्टै कोठको व्यवस्था मिलाएर उक्त समस्या समाधान गर्न सकिने कुरामा विशेष जोड दिएको पाइयो ।

**४.३.२. शैक्षणिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानका उपायहरुः**

यस अध्ययनका लागि छनौटमा परेका विद्यालयका ५/५ जना प्र.अ. र शिक्षकहरुसँग शैक्षणिक सामग्रीको प्रयोगमा देखिएका समस्या समाधानका उपायहरुसँग आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । उक्त अध्ययनबाट  प्राप्त सूचनाहरुलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका १४: शैक्षणिक सामग्री प्रयोगमा देखिएका समस्या समाधाका उपायहरुः**

| क.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | शैक्षणिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानका उपायहरु | पाठ्क्रम, शिक्षक निर्देशिका, पा्यपुस्तक, समयमै उपलब्ध गराएर | १(२०) | १(२०) |
| | | तालिमको व्यवस्था मिलाएर | २(४०) | १(२०) |
| | | पाठ घण्टी कम गरेर | २(४०) | ३(६०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ। स्रोत : स्थलगत अध्ययन, २०७२

उपरोक्त तालिका अनुसार अध्ययनमा सहभागीहरु मध्ये १(२०) जना प्र.अ.ले शैक्षणिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानका लागि पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्पुस्तक र शैक्षिक क्यालेन्डर समयमै उपलब्ध गराएर उक्त समस्याको समाधान गर्न सकिने धारणा व्यक्त गरेका थिए । यसै क्रममा अर्का सहभागी १(२०) जना शिक्षक सो धारणासँग सहमत रहेको पाइयो । त्यस्तै २(४०) जना प्र.अ.ले शिक्षक तालिमको व्यवस्था मिलाएर सो समस्याको समाधान गर्न सकिने धारणा व्यक्त गरेका थिए । उक्त धारणसँग १(२०) जना सहभागी शिक्षक सहमत रहेका थिए। बाँकि २(४०) जना प्र.अ. ले शिक्षकको पाठ घण्टी कम गरेर उक्त समस्या समाधान गर्न सकिने विचार व्यक्त गर्नु भएको थियो। अर्का सहभागी ३(६०) जना शिक्षकहरु उक्त विचारसँग सहमत रहेका देखिन्छन्।

माथिका सहभागीहरुको व्यक्त गरेका विचारको आधारमा शिक्षकको पाठधण्टी कम गरेर उक्त समस्या समाधान गर्न सकिन्छ भन्ने मत बढी रहेको पाइयो ।

## ४.३.३. स्थानीय शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखिएका समस्या समाधाका उपायहरुः

यस अध्ययनका लागि छनौटमा परेका विद्यालयका ५/५ जना प्र.अ. र शिक्षकहरुलाई सहभागीता गराएको थियो। स्थानिय सामग्री सङ्कलन र प्रयोगमा देखिएका समस्या समाधानका उपायहरु के के हुन सक्छन् भनी प्रश्न सोधिएको थियो । सहभागीहरुको जवाफलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका १५: स्थानीय शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखिएका समस्या समाधानका उपायहरु**

| क.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | स्थानीय शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखिएका समस्या समाधानका उपायहरु | प्रत्येक शिक्षकलाई दायित्व बोध गराएर | २(४०) | १(२०) |
| | | पुरस्कार र दण्डको व्यवस्था गरेर | २(४०) | ३(६०) |
| | | विद्‍यार्थीको सेक्सन विभाजन गरेर | १(२०) | १(२०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।  स्रोत : स्थलगत अध्ययन, २०७२

प्रस्तुत तालिकामा उल्लेखित तथ्याङ्क अनुसार अध्ययनका सहभागीहरु मध्ये २(४०) जना प्र.अ. ले प्रत्येक शिक्षकलाई दायित्व बोध गराएर स्थानीय शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखिएको समस्या समाधान गर्न सकिने विचार व्यक्त गरेका थिए । अध्ययनका अर्का सहभागी १(२०) जना शिक्षकले उक्त विचारसँग सहमति जनाएका थिए । त्यस्तै २(४०) जना प्र.अ. ले पुरस्कार र दण्डको व्यवस्था गरेर उक्त समस्यको समाधान गर्न सकिने धारणा व्यक्त गरेका थिए । सो विचारसँग ३(६०) जना शिक्षकहरु सहमत रहेका थिए । वाँकी १(२०) जना प्र.अ.ले विद्‍यार्थी को सेक्सन विभाजन गरेर उक्त समस्या समाधान गर्न सकिने बताएका थिए । उक्त विचारसँग १(२०) जना शिक्षक सहमत रहेका थिए ।

उपरोक्त तथ्याङ्कको आधारमा प्रष्ट हुन्छ कि स्थानीय शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखिएका समस्या समाधानका लागि बनाउने शिक्षकलाई पुरस्कार र नबनाउने शिक्षकलाई दण्डको व्यवस्था गर्नुपर्ने सहभागीले विचार गरेको पाइयो ।

### ४.३.४. शिक्षण सामग्री सङ्कलन र निर्माणमा विद्‍यार्थीसहभागीतामा देखिएका समस्या समाधानका उपायहरु

यस अध्ययनका लागि छनौटमा परेका विद्यालयमा ५ जना शिक्षक र प्रत्येक विद्यालयबाट १०/१० जना विद्‍यार्थी हरुलाई यस अध्ययनमा समावेश गरिएको थियो । शिक्षण सामग्री सङ्कलन र निर्माणमा विद्‍यार्थी हरुको सहभागीता बढाउनमा देखिएका समस्या समाधानका उपायहरु के के हुन सक्छन् भनि प्रश्न सोधिएको थियो । सहभागीहरु जवाफलाई तलको तालिकामा उल्लेख गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका १६ : शिक्षण सामग्री सङ्कलन र निर्माणमा विद्यार्थीसहभागीतामा देखिएका समस्या समाधानका उपायहरु**

| क्र.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | शिक्षक | विद्यार्थी |
| १ | शिक्षण सामग्री सङ्कलन र निर्माणमा विद्यार्थी सहभागीतामा देखिएका समस्याका समाधानका उपायहरु | पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने | १(२०) | २(२०) |
| | | शिक्षण सामग्री निर्माणमा विद्यार्थी लाई सहयोग गर्नुपर्ने | २(४०) | ४(४०) |
| | | विद्यार्थी लाई यस सम्बन्धी दायित्व बोध गराउनुपर्ने | २(४०) | ४(४०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ । स्रोत : स्थलगत अध्ययन, २०७२

माथि तालिकामा उल्लेखित तथ्याङ्कका आधारमा सहभागी शिक्षक मध्ये १(२०) जनाले शिक्षण सामग्री सङ्कलन र निर्माणमा विद्यार्थी सहभागीतामा देखिएका समस्या समाधानका लागि पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नु भएको थियो । सो विचारसँग २(४०) समूहका सहभागी विद्यार्थी हरु सहमत भएको देखिन्छ । त्यस्तै २(४०) जना शिक्षकहरुले उक्त समस्या समाधानका लागि शिक्षण सामग्री निर्माणमा विद्यार्थीलाई सहयोग गर्नुपर्ने विचार व्यक्त गरेका थिए । अर्का सहभागी ४(४०) समूहका विद्यार्थी हरु उक्त विचारसँग सहमत रहेको देखियो । बाँकि २(४०) जना शिक्षकहरुले उक्त समस्या समाधानका लागि विद्यार्थी लाई यस सम्बन्धी दायित्व बोध गराउनपर्ने धारणा व्यक्त गरेका थिए । उक्त धारणासँग अर्का सहभागी ४(४०) समूहका विद्यार्थीहरु सहमत रहेका छन् ।

उपरोक्त तथ्याङ्कलाई हेर्दा शिक्षण सामग्री सङ्कलन र निर्माणमा विद्यार्थीसहभागीतामा देखिएका समस्या समाधानका लागि शिक्षण सामग्री निर्माणमा विद्यार्थी लाई सहयोग गर्नुपर्ने र विद्यार्थी लाई यस सम्बन्धी दायित्व बोध गराउनुपर्ने कुरामा अधिकांश सहभागीहरुले विचार व्यक्त गरेको पाइयो ।

### ४.३.५. शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक नै प्रयोग गर्नुपर्ने समस्या समाधानका उपायहरुः

यस अध्ययनका लागि छनौटमा परेका विद्यालयका ५/५ जना प्र.अ. र शिक्षकहरुलाई समावेश गरिएको थियो । शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक नै प्रयोग गर्नुपर्ने समस्या समाधानका उपायहरु के के हुन सक्छन् भनी प्रश्न सोधिएको थियो । प्राप्त जवाफलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएकोछ :

**तालिका १७: शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक नै प्रयोग गर्नुपर्ने समस्या समाधानका उपायहरुः**

| क.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | शिक्षण सामग्रीको रुपमा पाठ्यपुस्तक प्रयोग गर्नुपर्ने समस्या समाधानका उपायहरु | पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्री उपलब्ध गराएर | १(२०) | १(२०) |
| | | शिक्षकको पाठ घण्टी कम गरेर | २(४०) | २(४०) |
| | | विद्यालयमा थप आर्थिक स्रोत जुटाएर | २(४०) | २(४०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।     स्रोत : स्थलगत अध्ययन, २०७२

माथिको प्रस्तुत तथ्याङ्कको आधारमा अध्ययनका सहभागीहरु मध्ये १)२०) जना प्र.अ.ले पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ उपलब्ध गराएर शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक नै प्रयोग गर्नुपर्ने समस्या समाधान गर्न सकिने विचार व्यक्त गरेका थिए । अध्ययनका अर्का सहभागी १(२०) जना शिक्षक उक्त विचारसँग सहमत रहेका थिए । त्यस्तै २(४०) जना प्र.अ. ले शिक्षकको पाठ घण्टी कम गरेर उक्त समस्या समाधान गर्न सकिने विचार व्यक्त गरेका थिए । सो विचारसँग २(४०) जना शिक्षकहरु पनि सहमत रहेका थिए । बाँकी २(४०) जना प्र.अ. ले विद्यालयमा थप आर्थिक स्रोत जुटाएर पाठयपुस्तक माथिको अत्याधिक निर्भरता कम गर्न सकिने अधिकाशं सहभागीहरुको धारणा रहेको पाइयो ।

### ४.३.६. शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने लागतमा देखिएका समस्या समाधानका उपायहरुः

यस अध्ययनमा छनौटमा परेका ५/५ जना प्र.अ. र शिक्षकहरुसँग शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने खर्चमा देखिएका समस्याहरु समाधानमा लाग्ने खर्चमा देखिएका समस्याहरु समाधानका उपायहरु के के हुन सक्छन् भनी प्रश्न सोधिएको थियो । अध्ययनमा सहभागीहरुले दिएको जवाफलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका १८ः शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने खर्चमा देखिएका समस्या समाधानका उपायहरुः**

| क.स. | विवरण | | अध्ययनमा सहभागीहरु | |
|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक |
| १ | शिक्षण सामग्रीको सङ्कलन र निर्माणमा लाग्ने लागत खर्चमा देखिएका समस्या समाधानका उपायहरु | विद्यालय प्रशासनिक खर्चबाट रकम उपलब्ध गराएर | २(४०) | २(४०) |
| | | परीक्षा र अन्य शुल्कबाट रकम बचाएर | १(२०) | १(२०) |
| | | सरकारी तथा गैर सरकारी निकायसँग आवश्याक रकम माग गरेर | २(४०) | २(४०) |

नोटः कोष्ठ भित्रको अंकले प्रतिशत जनाउँछ ।                स्रोत : स्थलगत अध्ययन, २०७२

उपरोक्त तालिकाअनुसार सहभागी प्र.अ. र शिक्षकहरु मध्ये २(४०) जना प्र.अ. ले विद्यालय प्रशासनिक खर्चबाट आवश्यक रकम उपलब्ध गराएर शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने लागत खर्चमा देखिएका समस्या समाधान गर्न सकिने विचार व्यक्त गरेका थिए । अध्ययनका अर्का सहभागी २(४०) जना शिक्षकहरु उक्त विचारसँग सहमत रहेका थिए । त्यस्तै १(२०) जना प्र.अ.ले परीक्षा र अन्य शुल्कबाट आवश्यक रकम बचारएर उक्त समस्या समाधान गर्न सकिने धारणा व्यक्त गरेका थिए । सो धारणासँग १(२०) जना शिक्षक

सहमत रहेका थिए । बाँकी २(४०) जना प्र.अ. ले सरकारी तथा गैरसरकारी निकायसँग आवश्यक रकम माग गरेर उक्त समस्या समाधान गर्न सकिने विचार व्यक्त गरेका थिए । अर्का सहभागी २(४०) जना शिक्षकहरु सो विचारसँग सहमत रहेका थिए ।

प्रस्तुत तथ्याङ्कको आधारमा शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने लागत खर्चमा देखिएका समस्या समाधान लागि विद्यालय प्रशासनिक खर्चबाट आवश्यक रकम उपलब्ध गराएर र सरकारी तथा गैरसरकारी निकायसँग आवश्यक रकम माग गरेर आवश्यक खर्चको व्यवस्थापन गर्नुपर्ने अधिकांश सहभागीहरुले विचार व्यक्त गरेको पाइयो ।

# परिच्छेदः पाँच

# प्राप्ति , निष्कर्ष र सुझाबहरु

यस अध्ययनका सहभागी प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरु तथा कक्षा अवलोकनबाट प्राप्त सूचनाका आधारमा शैक्षणिक सामग्रीको प्रयोगको अवस्था, प्रयोगमा देखिएका समस्याहरु र तिनीहरुका समाधानका उपायहरुको परिच्छेद चारमा विश्लेषण र व्याख्या गरिएको थियो । उक्त विश्लेषण र व्याख्याको आधारमा अध्ययनका प्राप्ति, निष्कर्ष र सुझाबहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :

## ५.१. प्राप्तिः

- बार्षिक कार्ययोजना, एकाइयोजना र दैनिक पाठ्योजनाको प्रयोगको अवस्था सामान्य रहेको पाइयो ।
- स्थानीय स्तरमा पाइने शिक्षण सामग्रीको सङ्कलन र प्रयोगको अवस्था मध्यम खालको देखियो ।
- शैक्षणिक सामग्रीको निर्माण र संकलनमा  विद्यार्थीहरुको सहभागीता न्यून रहेको पाइयो ।
- पाठ्यपुस्तक एक निर्विकल्प शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तकलाई अधिकांश विद्यालयमा अभाव रहेको पाइयो ।
- निर्मित सामग्री खरिदका लागि अधिकांश विद्यालयमा बजेटको अभाव रहेको पाइयो ।
- निर्मित सामग्री खरिदका लागि अधिकांश विद्यालयमा बजेटको अभाव रहेको पाइयो ।
- निर्मित सामग्री खरिदका लागि बजार टाढा भएकाले खरिदमा समस्या रहेको पाइयो ।
- शैक्षणिक सामग्रीको निर्माणको लागि चाहिने पाठ्यक्रम, शिक्षक निर्देशिका, अन्य सन्दर्भ सामग्रीको अभाव रहेको पाइयो ।
- विषयगत र तालिम प्राप्त शिक्षकको अभाव रहेको देखियो ।
- संरक्षण कोठाको पर्याप्तता नभएको र भएकोमा पनि दराज,र्‍याक, घर्रा नभएको एवम् चुहिने धमिरा लाग्ने समस्या रहेको पाइयो ।
- विद्यार्थी संख्या धेरै भएपनि सेक्सन विभाजन नगरेको देखियो ।

- शैक्षिक सामग्रीको निर्माणका लागि लाग्ने रकमको अभाव रहेको पाइयो ।
- समय अभावका कारण सबै शिक्षकले शैक्षणिक सामग्रीको प्रयोग नगर्ने गरेको पाइयो ।
- शैक्षणिक सामग्रीको उपलब्धतामा जोड दिई तिनीहरुको कक्षा कोठामा अनिवार्य रुपमा प्रयोग गर्नुपर्ने धारणा व्यक्त गरेको पाइयो ।
- निर्मित शिक्षण सामग्री खरिदका लागि विद्यालय आफ्नै खर्च गर्ने रकमबाट व्यवस्था गरेर र सरोकारवालासँग माग गरेर सो समस्या समाधान गर्न सकिने धारणा व्यक्त गरेको पाइयो ।
- निर्मित सामग्रीको संरक्षण र भण्डारणको लागि अधिकांश सहभागीहरुले छुट्टै कोठाको व्यवस्था मिलाएर उक्त समस्या समाधान गर्न सकिने विचार व्यक्त गरेको पाइयो ।
- शैक्षणिक सामग्रीको प्रयोगका लागि शिक्षकको पाठघण्टी घटाएर सो समस्या समाधान गर्न सकिने धारणा व्यक्त गरेको पाइयो ।
- स्थानीय शिक्षण सामग्री सङ्कलन र प्रयोगमा देखिएका समस्या समाधानका लागि पुरस्कार र दण्डको व्यवस्था  गरेर कम गर्न सकिने बहुमत सहभागीहरुको मत रहेको पाइयो ।
- शैक्षणिक सामग्रीको रुपमा पाठ्यपुस्तक नै प्रयोग गर्नुपर्ने समस्या समाधान गर्न शिक्षकले पठाउने पाठघण्टी कम गरेर र आर्थिक स्रोत जुटाएर पाठ्यपुस्तक माथिको निर्भरता कम गर्न सकिने अधिकांश सहभागीहरुको धारणा रहेको पाइयो ।
- शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने लागत खर्चका लागि विद्यालय प्रशासनिक खर्चबाट उपलब्ध गराएर र सरकारी तथा गैरसकारी निकायबाट आवश्यक रकम माग गरेर सो समस्या समाधान गर्न सकिने विचार व्यक्त गरेको पाइयो ।

## ५.२. निष्कर्ष:

प्रस्तुत अध्ययनको विश्लेषण र व्याख्याको आधारमा प्राप्त भएका मुख्य मुख्य प्राप्तिहरुलाई समेटेर यसअध्ययनको निष्कर्ष निकालिएको छ । शिक्षण सिकाइ क्रियाकलापलाई व्यावहारिक एवम् उद्देश्यमूलक बनाउनको लागि शैक्षणिक सामग्रीको प्रयोग गर्नुपर्ने हुन्छ । यस अध्ययनको क्रममा नमूना छनौटमा परेका विद्यालयहरुमा शैक्षणिक

सामग्रीको प्रयोगको अवस्था न्यून ,स्थानीय सामग्रीको प्रयोग भएको र शिक्षण सामग्रीको निर्माण र संकलनमा विद्यार्थी हरुको न्यून सहभागीता रहेको निष्कर्ष निकालियो । त्यस्तै शैक्षणिक सामग्रीको खरिद गर्न बजेटको अभाव । पाठघण्टी धेरै भएकाले शैक्षणिक योजना वनाउन समयको अभाव, शैक्षणिक सामग्रीको संरक्षण र भण्डारणको लागि छुट्टै कोठाको अभाव, निर्माणका लागि आवश्यक पर्ने सामग्रीहरु पाठ्यक्रम। शिक्षक निर्देशिका, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको समयमै उपलब्ध नभएको, विषयगत र तालिम प्राप्त दक्ष शिक्षकको अभाव, अनुगमन र मूल्याङ्कमा कमी रहेको निष्कर्ष निकालियो ।

शिक्षण सिकाइ क्रियाकलापलाई फलदायी बनाउनको लागि प्र.अ.को नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ भन्ने शैक्षणिक सामग्रीको निर्माणको निमित अनुशासित, दक्ष, अनुभवी, विषयगतर तालिम प्राप्त शिक्षक हुनु आवश्यक छ । शिक्षक स्वयम् विषय वस्तुसँग स्पष्ट छैन, पूर्व तयारी गर्दैन, समयको पालना गर्दैन र शैक्षणिक सामग्रीको प्रयोग गर्दैन भने शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन सक्दैन् । अर्को तर्फ विद्यार्थीसंख्या धेरै हुने तर कक्षाकोठाको अभाव भइरहने हो भने अपेक्षित उद्देश्य प्राप्त गर्न किठन हुन्छ । शिक्षकले पाठ प्रति पर्याप्त रुची नजगाउदा , शिक्षण सामग्री अस्पष्ट र अपूर्ण हुँदा, विद्यार्थी हरुको सहभागीतामा जोड नदिदाँ , भौतिक एवम् शैक्षिक वातावरण सिकाइका लागि प्रतिकूल हुँदा विद्यार्थीको सिकाइमा समस्या उत्पन्न हुन जान्छ । समग्रमा भन्दा शिक्षण सिकाइ क्रियाकलापलाई रोचक, प्रभावकारी, उद्देश्यमूलक र सार्थक बनाउनको लागि शैक्षणिक सामग्रीको प्रयोग गर्न अनिवार्य हुन्छ भने निष्कर्ष निकालियो ।

### ५.३. सुझावहरुः

शिक्षा क्षेत्रसंग सम्बन्धित सरकारी निकाय, संघसंस्था, विद्यालय प्रशासन, शिक्षक विद्यार्थीस्वयम् आ-आफ्नो तर्फबाट जिम्मेवार बनी इमानदारपूर्वक निम्न कार्य गरेमा शैक्षणिक सामग्रीको प्रयोग देखिएका समस्याहरुकोसमाधान हुनेछन् ।

#### ५.३.१. नीति तहः

१. शिक्षण सिकाइलाई सहयोग गर्ने शिक्षक निर्देशिका। पाठ्यपुस्तक सन्दर्भ सामग्रीको नियमित उपलब्ध गराउनुपर्दछ ।

२. नेपाली भाषा शिक्षणको लागि आवश्यक पर्ने शिक्षण सामग्रीको व्यवस्था मिलाउनु पर्छ ।

३. विद्यालय प्रशासनले नियमित अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ ।

४. प्रत्येक विद्यालयमा एउटा सुविधा सम्पन्न नेपाली भाषाका पर्याप्त पुस्तक र सन्दर्भ पुस्तकहरु रहेको पुस्तकालयको व्यवस्था गरिनु पर्दछ ।

५. शिक्षण सामग्री सङ्कलन र निर्माणमा लाग्ने रकम विद्यालय र सरोकार निकायले समयमै उपलब्ध गराउनुपर्दछ ।

६. प्रत्येक विद्यालयमा विषयगत र तालिम प्राप्त दक्ष शिक्षकको व्यवस्था मिलाउनुपर्दछ ।

**५.३.२. कार्यान्वयन तहः**

१. शिक्षकहरुको विषयगत ज्ञान, सीप र दक्षतालाई अध्यावधिक गराई राख्न समय समयमा तालिम, प्रशिक्षण, सेमिनार, गोष्ठि आदिको व्यवस्था गरिनु पर्दछ ।

२. पर्याप्त कक्षाकोठाको व्यवस्था मिलाएर दराज, र्‍याक तथा कोठाको मर्मत संभार गर्नुपर्छ ।

३. धेरै विद्‌यार्थीरहेको कक्षामा सेक्सन विभाजनको व्यवस्था मिलाउनु पर्छ ।

४. शैक्षणिक सामग्रीको प्रयोगका लागि शिक्षकको पाठ घण्टी कम गरेर प्रयोगमा प्रोत्साहित गराउनुपर्छ ।

५. शिक्षण सामग्रीको संरक्षण भण्डारको लागि छुट्टै कोठाको व्यवस्था मिलाउनु पर्छ ।

६. स्थानीय स्तरमा पाइने शिक्षण सामग्रीको संकलनमा विशेष जोड दिनुपर्छ ।

७. शैक्षणिक योजना निर्माणको लागि आवश्यक पर्ने सामग्रीको विद्यालय प्रशासन सरकारी तथा गैर सरकारी निकायले उपलब्ध गराउनु पर्दछ ।

८. शिक्षण सामग्रीको निर्माण र संकलनमा शिक्षक र विद्‌यार्थीको समान सहभागीताका लागि दायित्व बोध, प्रर्याप्त समय तथा सहयोग गर्नु पर्ने हुन्छ ।

९. शैक्षणिक योजनाको प्रयोग गर्ने शिक्षकलाई पुरस्कार र नगर्ने शिक्षकलाई दण्डको व्यवस्था गर्नु पर्छ ।

### ५.३.३. अनुसन्धान तहः

१. शैक्षणिक योजनाको प्रयोग भए नभएको समम्बन्धित सरोकारबाला निकायबाट निरीक्षण तथा सुपरीक्षण कार्य समय समयमा हुनुपर्दछ ।

२. शैक्षिक जनशक्ति विकास केन्द्रले शैक्षणिक सामग्रीको निर्माण र प्रयोगका लागि आवश्यक पर्ने तालिमको व्यवस्था मिलाउनु पर्छ ।

३. शैक्षणिक सामग्रीको प्रयोग भए नभएको अनुगमन र मूल्याङ्कन गरी जिल्ला, स्रोत केन्द्र र विद्यालयको उत्कृष्ट शिक्षक घोषणा गरी सम्मान गर्ने व्यवस्था गर्नु पर्दछ ।

## सन्दर्भ ग्रन्थ सूची


- अधिकारी, विष्णु प्रसाद (२०६६) ***माध्यमिक तह शिक्षण दर्पण,*** काठमाण्डु : पैरखी प्रकाशन
- आचार्य, वलराम (२०५८) ***शैक्षिक अनुसन्धान पद्धती प्रतिवेदन लेखन*** काठमाण्डु : नेश्नल वुक सेन्टर
- आचार्य, विकास (२०६३) माध्यमिक ***तहमा शैक्षिक सामग्रीको प्रयोग र प्रभावकारीता सम्वन्धी अध्ययन*** स्नााकोत्तर तहको अप्रकाशित सोध पत्र,काठमाण्डु : त्रिवि किर्तिपुर
- कार्की, भक्त वहादुर (२०६४) ***सामुदायिक माध्यमिक विद्यालयहरुमा गणित विषयको शैक्षिक उपलव्धि,*** सोध पत्र, सुकुना वहुमुखी क्याम्पस
- खनाल,पेशल (२०६०) ***शैक्षिक अनुसन्धान पद्धती*** किर्तिपुर : स्टुडेन्ट्स वुक्स एण्ड डिस्ट्रीव्यर्टस
- चन्द्र, ललितप्रकाश (२०६४), ***बाँके जिल्लाका विद्यालयहरुमा कक्षा ९मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको उपयोगिताको अध्ययन,*** (अप्रकाशित शोधपत्र ), कीर्तिपुर : त्रि.वि.वि.
- बराल हिरण्यप्रसाद (२०६८) ***सर्लाही जिल्लाका कक्षा ६ मा भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन*** (अप्रकाशित शोधपत्र ), कीर्तिपुर : त्रि.वि.वि.
- नेपाल सरकार शिक्षा मन्त्रालय (२०६७) ***नेपाली शिक्षक निर्देशिका*** (कक्षा ८), भक्तपुर : पा.वि.के सानोठिमी
- पोखरेल, सिन्तोष (२०६४) ***कक्षा ६ को गणित शिक्षण सिकाइमा शिक्षक र विद्यार्थीले सामाना गर्नु परेका समस्याहरु,*** सोध पत्र, त्रिवि शिक्षा सास्त्र केन्द्रिय विभाग किर्तिपुर
- पौडेल गोविन्दप्रसाद (२०६८) , ***माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्यन*** , (अप्रकाशित शोधपत्र ), कीर्तिपुर : त्रि.वि.वि.
- शर्मा केदार प्रसाद र माधवप्रसाद पौडेल (२०६०), ***नेपाली भाषा र साहित्य शिक्षण*** , कीर्तिपुरः न यू हिरा बुक्स इन्टरप्राईजेज
- शर्मा एण्ड शर्मा (२०६६), ***पाठ्यक्रम योजना र अभ्यास,*** काठमाण्डौ : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स
- शिक्षा विभाग (२०६६) ***कक्षा ८ का विद्यार्थीहरुको राष्ट्रिय उपलव्धि मापन (२०६४)*** भक्तपुरः अध्ययन प्रतिवेदन सानोठिमी
- हाडा, भुपेन्द्र (२०६०) ***शिक्षण सिकाई प्रभावकारी वनाउनमा शैक्षिक सामग्री तथा तालिमको उपादेयता*** : विकासका निम्ती शिक्षा, सेरिड

# अनुसूची - १

## नमूना छनौटमा परेका विद्यालयहरु

| क.सं | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री उच्च मा.वि. लदाभिर | दु.न.पा. ५, सिन्धुली |
| २ | श्री सरस्वती उ.मा.वि. शंखटार | दु.न.पा. ४, सिन्धुली |
| ३ | श्री जनजागृति मा.वि. कोगटी | दु.न.पा. ७, सिन्धुली |
| ४ | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा | दु.न.पा. ६, सिन्धुली |
| ५ | श्री कमलामाई अं.आ. मा.वि. दुधौली | दु.न.पा. ५, सिन्धुली |

## अनुसूची - २

## नमूना छनौटमा परेका प्रधानाध्यापकहरु

| क.सं. | प्र.अ. हरुको नाम थर | कार्यरत विद्यालय | योग्यता |
|---|---|---|---|
| १ | श्री मोहन शाही ठाकुरी | श्री उच्च मा.वि. लदाभिर | एम.ए., एम.एड. |
| २ | श्री ध्यानी मण्डल | श्री सरस्वती उ.मा.वि. शंखटार | वि.एड. |
| ३ | श्री सोमराज आचार्य | श्री जनजागृति मा.वि. कोगटी | वि.एड. |
| ४ | श्री कमल बस्नेत | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा | वि.एड. |
| ५ | श्री कृष्णराज ठकुरी | श्री कमलामाई अं.आ. मा.वि. दुधौली | एम.ए. |

## अनुसूची - ३

## नमूना छनौटमा परेका शिक्षकहरु

| क.सं. | शिक्षकहरुको नाम थर | कार्यरत विद्यालय | योग्यता |
|---|---|---|---|
| १ | श्री टेकनाथ पहाडी | श्री उच्च मा.वि. लदाभिर | एम.एड. |
| २ | श्री संजिव सिंह ठकुरी | श्री सरस्वती उ.मा.वि. शंखटार | एम.एड. |
| ३ | श्री नवराज काफ्ले | श्री जनजागृति मा.वि. कोगटी | वि.एड. |
| ४ | श्री दिपेन्द्र बहादुर बुढाथोकी | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा | वि.एड. |
| ५ | श्री रामकुमार राई | श्री कमलामाई अं.आ. मा.वि. दुधौली | एम.ए. |

# अनुसूची - ४

## नमूना छनौटमा परेका कक्षा ८ का विद्‌यार्थीहरु

| क.सं. | विद्‌यार्थी हरुको नाम थर | विद्यालय |
|---|---|---|
| १ | गणेश थापा | श्री उच्च मा.वि. लदाभिर |
| २ | घनश्याम बस्नेत | श्री उच्च मा.वि. लदाभिर |
| ३ | मोहन राई | श्री उच्च मा.वि. लदाभिर |
| ४ | कलपना घिमिरे | श्री उच्च मा.वि. लदाभिर |
| ५ | सत्या कुमारी कुमर | श्री उच्च मा.वि. लदाभिर |
| ६ | पारु वि.क. | श्री उच्च मा.वि. लदाभिर |
| ७ | लक्ष्मी धामी | श्री उच्च मा.वि. लदाभिर |
| ८ | रमिला अधिकारी | श्री उच्च मा.वि. लदाभिर |
| ९ | हेम बहादुर वि.क. | श्री उच्च मा.वि. लदाभिर |
| १० | रामबहादुर नेपाली | श्री उच्च मा.वि. लदाभिर |
| ११ | लक्ष्मी कुमारी बस्नेत | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| १२ | तारा सादा | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| १३ | करण कुमर | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| १४ | सरस्वती कुमारी दमाई | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| १५ | सुरेन्द्र काफ्ले | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| १६ | प्रेम बहादुर कटुवाल | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| १७ | नरेश कार्की | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| १८ | रशिला धामी | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| १९ | हेमराज दनुवार | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| २० | संतोष मगर | श्री जनजागृति नि.मा.विद्यालय, लखिमा |
| २१ | भावना थापा | श्री जनजागृति मा.वि. कोगटी |
| २२ | इन्द्र नेपाली | श्री जनजागृति मा.वि. कोगटी |
| २३ | भरत वहादुर सुनुवार | श्री जनजागृति मा.वि. कोगटी |
| २४ | कल्पना सापकोटा | श्री जनजागृति मा.वि. कोगटी |

| | | |
|---|---|---|
| २५ | रत्ना घिसिङ्ग | श्री जनजागृति मा.वि. कोगटी |
| २६ | विष्णु कुमार सुनुवार | श्री जनजागृति मा.वि. कोगटी |
| २७ | पुष्पा बास्तोला | श्री जनजागृति मा.वि. कोगटी |
| २८ | भक्त बहादुर मगर | श्री जनजागृति मा.वि. कोगटी |
| २९ | संगिता कटुवाल | श्री जनजागृति मा.वि. कोगटी |
| ३० | कमला सुनुवार | श्री जनजागृति मा.वि. कोगटी |
| ३१ | टंक बहादुर राय | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ३२ | लक्ष्मी वि.क. | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ३३ | कटक हमाल | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ३४ | दुर्गा हमाल ठकुरी | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ३५ | उपासना ठकुरी | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ३६ | निर्प बहादुर बुढाथोकी | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ३७ | अमरेश सादा | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ३८ | रामस्वरुप अधिकारी | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ३९ | कल्पना पौडेल | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ४० | नरेश खनाल | श्री सरस्वती उ.मा.वि. शंखटार |
| ४१ | सिखा न्यौपाने | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |
| ४२ | अन्जली महतो | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |
| ४३ | निरज आचार्य | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |
| ४४ | भावना देवकोटा | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |
| ४५ | सविन कार्की | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |
| ४६ | अस्मिता राउत | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |
| ४७ | तुलसा खत्री | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |
| ४८ | गिता बानिया | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |
| ४९ | रिकपा स्याङ्गतन | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |
| ५० | पूजा साह | श्री कमलामाई अं.आ. मा.वि. दुधौली |

## अनुसूची - ५

## छनौटमा परेका प्रधानाध्यापकका लागि अन्तरवार्ता सूची

विद्यालयको नामः योग्यताः

प्रधानाध्यापकको नामः अनुभव वर्षः

ठेगानाः

१. तपाईको विद्यालयमा शैक्षणिक योजना अन्तर्गत वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजनाको प्रयोगको अवस्था के कस्तो रहेको छ ?

क) भएको ख) नभएको

२. यदि यी कार्ययोजनाको प्रयोग भइरहेको छ भने प्रयोगमा के के समस्याहरु रहेका छन् ?

क) तालिम प्राप्त शिक्षक नहुनु ख) तालिम प्राप्त शिक्षक

ग) समय मै पाठ्यक्रम शिक्षक निर्देशिका, शैक्षिक क्यालेण्डर उपलब्ध नहुनु

३. उक्त समस्या समाधान गर्न के कस्ता उपायहरु अपनाउने गर्नु भएको छ ?

क) पाठ्यक्रम निर्देशिका निर्देशिका पाठ्यपुस्तक समयमै उपलब्ध गराएर

ख) तालिमको व्यवस्था मिलाएर ग) पाठ घण्टी घटाएर

४. तपाईको विद्यालयका शिक्षकहरुले शैक्षणिक सामग्रीको निर्माण र प्रयोग गर्ने गरेका छन्?

क) भएको ख) नभएको

५. शिक्षकहरुले शैक्षणिक सामग्रीको प्रयोग गर्दा भोग्नु परेका समस्याहरु के के हुन् ?

क) तालिम नलिएको ख) पाठ घण्टी धेरै हुनु ग) विद्यार्थी संख्या धेरै हुनु

६. यदि समस्याहरु छन् भने समस्याका लागि के कस्ता उपायहरु अपनाउनु हुन्छ ?

क) तालिमको व्यवस्था मिलाएर ख) पाठ घण्टी घटाएर

ग) विद्यार्थीको समूह विभाजन गरेर

७. तपाईको विद्यालयमा स्थानीय शिक्षण सामग्रीको संकलन र प्रयोग अवस्था कस्तो रहेको छ ?

क) भएको ख) नभएको

८. तपाईको विद्यालयमा शिक्षण सामग्रीको निर्माण र प्रयोगमा विद्यार्थीको सहभागीता कस्तो रहेको छ ?

क) सहभागीता हुन्छ ख) सहभागीता हुदैन

९. शैक्षिक सामग्रीको रुपमा पाठ्यपुस्तकको प्रयोगको अवस्था कस्तो रहेको छ ?

क) भएको ख) नभएको

१०. तपाईको विद्यालयमा शिक्षण सामग्रीको निर्माण र संकलनको लागि आवश्यक पर्ने खर्च कसरी जुटाउने गर्नु भएको छ ?

क) विद्यालय प्रशासनिक खर्चबाट उपलब्ध गराएर

ख) सरकारी तथा गैर सरकारी निकायबाट माग गरेर ग) चन्दा उठाएर

११. चन्दा सामग्री प्रयोग गर्ने र नगर्ने शिक्षकहरुलाई पुरुस्कार र दण्डको व्यवस्था गर्नु भएको छ ?

क) छ ख) छैन

१२. शिक्षण सामग्रीको प्रयोगका लागि कक्षा कोठाको पर्याप्तता कस्तो छ ?

क) पर्याप्त ख) अपर्याप्त

१३. तपाईले विद्यालयमा शिक्षकहरुले शिक्षण गर्दा अनुगमन र मूल्याङ्कन गर्दै आउनु भएको छ ?

क) छ ख) छैन

१४. यस विषयसँग सम्बन्धित थप सुझाब सल्लाह छन् की ?

क)

ख)

ग)

## अनुसूची - ६

## छनौटमा परेका प्रधानाध्यापकका लागि अन्तरवार्ता सूची

विद्यालयको नाम: योग्यता:

प्रधानाध्यापकको नाम: अनुभव वर्ष:

ठेगाना:

१. तपाईले शिक्षण सिकाई क्रियाकलाप गर्दा के वार्षिक कार्ययोजना बनाउने गर्नु भएको छ?

क) छ (    ) ख) छैन (    )

२. तपाईले के एकाइ योजना पनि बनाउने गर्नु भएको छ ?

क) छ (    ) ख) छैन (    )

३. तपाईले के दैनिक पाठयोजना बनाउने गर्नु भएको छ ?

क) छ (    ) ख) छैन (    )

४. निर्मित सामग्री खरिदको लागि आर्थिक बजेटसँग सम्बन्धित के कस्ता समस्याहरु रहेका छन् ?

क) विद्यालय आफैले ( ) ख) जि.शि.का.ले उपलब्ध गराउँछ (    )

५. निर्मित सामग्रीको संरक्षण र भण्डारणमा के कस्ता समस्याहरु रहेका छन् ?

क) बजार टाढा भएको (    ) ख) खरिदका लागि जाने मानिसको अभाव (    )

६. शिक्षण सामग्रीको संरक्षण र भण्डारणमा के कस्ता समस्याहरु रहेका छन् ?

क) छुट्टै कोठा नभएको (    ) ख) कोठा चुहिने , धमिरा लाग्ने (    )

७. वार्षिक कार्य योजना प्रयोगमा के कस्ता समस्याहरु रहेका छन् ?

क) समयमै पाठ्यक्रम शिक्षक निर्देशिका र शैक्षिक क्यालेण्डर उपलब्ध नहुनु ( )

ख) तालिम प्राप्त शिक्षक नहुनु (    ) ग) समयको अभाव हुनु (    )

८. एकाइ योजना निर्माणमा के कस्ता समस्याहरु रहेका छन् ?

क) तालिम प्राप्त शिक्षक उपलब्ध नहुनु । (    )

ख) समयमै शिक्षक निर्देशिका र पाठ्यपुस्तक उपलब्ध नहुनु । (    )

ग) समयको अभाव हुनु । (    )

९. दैनिक पाठयोजनाको प्रयोगमा के कस्ता समस्याहरु रहेका छन् ?

क) समयमै शिक्षक निर्देशिका र पाठ्यपुस्तक उपलब्ध नहुनु । (          )

ख) तालिम प्राप्त शिक्षकको अभाव हुनु । (          )

ग) समयको अभाव हुनु । (          )

१०. शिक्षण सामग्री निर्माण र संकलनमा विद्यार्थी सहभागीतामा देखिएका समस्याहरु के कस्ता रहेका छन् ?

क) समय नभएर (     )    ख) दायित्व बोध नगर्ने (     )

ग) जानकारीका अभाव (     )    घ) झन्झट मान्ने (     )

११. शैक्षणिक सामग्रीको रुपमा पाठ्पुस्तकको प्रयोग गर्नुपर्ने समस्याहरु के के रहेका छन् ?

क) पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभाव (     )

ख) समयको अभाव (  )    ग) आर्थिक अभाव (  )

१२. शिक्षण सामग्री संकलन र निर्माणमा लाग्ने खर्च सम्बन्धी के कस्ता समस्याहरु रहेका छन् ?

क) विद्यालयमा उपलब्ध बजेटको अपर्याप्तता (     )

ख) सरकारी निकायबाट उपलब्ध नहुनु (     )

ग) गैरसरकारी निकायबाट उपलब्ध हुनु नसक्नु (     )

१३. निर्मित शिक्षण सामग्री खरिदमा देखिएका समस्याहरु कसरी समाधानका उपायहरु के के हुन सक्छन् ?

क) विद्यालयको आफ्नै खर्च गर्ने रकमबाट व्यवस्था गरेर

ख) सरोकारवालासँग माग गरेर    ग) चन्दा उठाएर

१४. निर्मित सामग्रीको संरक्षण र भण्डारणमा देखिएका समस्याहरु के कसरी सामाधान गर्नुहुन्छ ?

क) छुट्टै कोठाको व्यवस्था मिलाएर    ख) दायित्वबोध गराएर

ग) शिक्षकले आफ्नै जिम्मा लिएर

१५. शैक्षणि सामग्री प्रयोगमा देखिएका समस्या सामाधानका उपायहरु के के हुन सक्छन् ?

क) पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्यपुस्तक उपलब्ध गराएर

ख) तालिमको व्यवस्था मिलाएर ग) पाठ घण्टी कम गरेर

१६. स्थानिय शिक्षण सामग्री संकलन र प्रयोगमा देखिएका समस्या सामाधान कसरी गर्नुहुन्छ ?

क) प्रत्येक शिक्षकलाई दायित्वबोध गराएर

ख) पुरस्कार र दण्डको व्यवस्था गरेर

ग) विद्यार्थीको सेक्सन विभाजन गरेर

१७. शिक्षण सामग्री संकलन र निर्माणमा विद्याथी सहभागीतामा देखिएका समस्याहरु कसरी सामाधान गर्नुहुन्छ ?

क) पुरस्कार र दण्ढको व्यवस्था गर्नुपर्ने

ख) शिक्षण सामग्री निर्माणमा विद्याथीलाई सहयोग गर्नुपर्ने

ग) विद्यार्थीलाई यस सम्बन्धी दायित्व वोध गराउनु पर्ने

१८. शैक्षिक सामग्रीको रुपमा पाठ्यपुस्तक नै प्रयोग गर्नुपर्ने समस्या सामाधानका उपायहरु के के हुन सक्छन् ?

क) पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ सामग्री सयममै उपलब्ध गराएर

ख) शिक्षकको पाठ घण्टी कम गरेर ग) विद्यालयमा थप आर्थिक स्रोत जुटाएर

१९. शिक्षण सामग्री निर्माण र संकलनमा लाग्ने लागत खर्चमा देखिएका समस्या समाधानका उपायहरु के के हुनसक्छन् ?

क) विद्यालय प्रशासनिक खर्चबाट रकम उपलब्ध गराएर

ख) परिक्षा र अन्य शुल्कबाट रकम बचाएर

ग) सरकारी तथा गैरसरकारी निकायसँग आवश्यक रकम माग गरेर

## अनुसूची-७

## छनौटमा परेका विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

१. लक्षित समूह छलफल प्रक्रिया:

क) परिचयको आदान-प्रदान

ख) सहभागीहरुलाई कार्यक्रम बारे जानकारी

ग) सहभागीहरुलाई कार्यक्रमको उद्देश्य बारे जानकारी

घ) छलफको सुरुवात

ङ) सूचना टिपोट

२. छलफलका विषयहरु:

क) शिक्षण सिकाय कार्यकलापमा दैनिक पाठयोजनाको प्रयोग

ख) पाठयोजनासँग मेलखाने शिक्षण सामग्रीको प्रयोगको अवस्था

ग) शिक्षण सामग्रीको निर्माण संकलनमा विद्यार्थीको सहभागीताको अवस्था

घ) शिक्षण सामग्रीको आकार प्रकारको अवस्था

ङ) शिक्षण सामग्री आकर्षक भएको नभएको

च) शिक्षण सामग्रीको प्रयोगले विद्यार्थीमा पारेको प्रभाव

छ) शिक्षण सामग्रीको प्रयोगले सिकाइमा पारेको प्रभाव

ज) शिक्षण सामग्रीको प्रयोग गर्दा ब्यक्तिगत वा सामूहिक छलफल

झ) शिक्षण सामग्रीको प्रयोग पछि व्यवस्थापनको अवस्था

ञ) शिक्षण सामग्रीप्रति विद्यार्थी अपेक्षा तथा सुझाब

ट) दैनिक पाठयोजनाको प्रयोगमा भएका समस्याहरु

ठ) दैनिक पाठयोजनाको प्रयोगमा भएका समस्याहरुको सामाधानको उपायहरु

## अनुसूची-८

## कक्षा अवलोकन फाराम (रुजुसूची)

विद्यालयको नाम: कक्षा:

शिक्षकको नाम: मिति:

विषय:

| क.सं. | पक्षहरुको विवरण | स्थिति | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १ | वार्षिक कार्ययोजना प्रयोगको अवस्था | | |
| २ | एकाइ योजना प्रयोगको अवस्था | | |
| ३ | दैनिक पाठयोजनाको प्रयोगको अवस्था | | |
| ४ | पाठयोजनासँग मेलखाने सामग्रीको प्रयोगको स्थिति | | |
| ५ | स्थानीय स्तरमा पाइने शिक्षण सामग्रीको संकलनको स्थिति | | |
| ६ | सामग्रीको दिगोपन | | |
| ७ | शिक्षण सामग्री निर्माणमा विद्यार्थीको सहभागीता | | |
| ८ | स्थानीय सामग्रीको संकलनमा विद्यार्थीको संलग्नता | | |
| ९ | पाठ्यपुस्तकको प्रयोग | | |
| १० | कक्षाकोठाको प्रयाप्तता | | |
| ११ | शिक्षण सामग्रीको आकार प्रकारको उपयुक्तता | | |
| १२ | शिक्षण सामग्रीको प्रभावकारी कार्यन्वयनको लागि विद्यालयको प्रयास | | |
| १३ | मूल्य पर्ने सामग्रीको प्रयोगको अवस्था | | |
| १४ | मूल्य नपर्ने सामग्रीको प्रयोगको अवस्था | | |
| १५ | शिक्षण सामग्रीको प्रयोग पछि व्यवस्थापन पक्ष | | |